# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २३ फागुन २०८१

# शुक्रबार

# बैठक सङ्ख्या-११

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१९ बजे प्रारम्भ भयो।

(१३:१९ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य इन्दिरा देवी गौतम।

(१३:२० बजे) माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- अध्यक्ष महोदय, गत वर्ष भएको बाढी पहिरोका कारण पूर्वी तराई जोड्ने मध्य पहाडी बीपी राजमार्गको भकुण्डे बेसीदेखि नेपालथोकसम्म बगाएको थियो र अन्य विभिन्न ठाउँमा पनि बाटो भत्किएको छ। अस्थायी रुपमा खोलेको ट्र्याकमा यात्रा सहज त थिएन र छैन पनि। तर पनि यो मार्गबाट स्वयं सवारी साधन र हजारौं यात्रीहरुले यो छोटो दुरीको यात्रा गरिरहेका छन्। अब आउँदै गरेको मनसुनमा यो मार्गको यात्रा कति सम्भव छ राजमार्गको काम थालिएको छ भने सुनिएको छ। तर हाम्रो काम बढाई ढिलासुस्ती हुने गरेका छन्। दुर्घटना हुनुभन्दा पहिल्यै चाँडोभन्दा चाँडै यो मार्गलाई सुरक्षित र सहज बनाउन सरकारको योजना के छ? जनताको सुरक्षित यात्राका

लागि यो मार्ग, यो राजमार्गको पनि चाँडो भन्दा चाँडो मर्मत गरी यात्रालाई सहज (...... समय सकिएको। )

(१३:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी वेल्वासे।

(१३:२१ बजे) **माननीय श्री गंगा कुमारी वेल्वासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, स्वर्गद्वारी गुठीको जमिन खन्जोत गरी उब्जा योग्य बनाएका सोही जग्गामा बसोबास गरी पुस्तौ बिताएका दाङका १२ मौजाका १६ हजार सङ्ख्यामा रहेका किसान पुस्तौ देखि आन्दोलन गर्दै माग गर्दै आइरहेका छन्। जमिन को दोहोरो स्वामित्व अन्त्य गरियोस्। मोही पूर्जाको हक सुनिश्चित गरियोस्। गुठी ऐन जारी गरियोस्। धर्मको नाममा बेघरबार बनाउन पाइँदैन। बेघरबार बनाउन पाइँदैन। आज ३२ दिन भइसक्यो दाङबाट आएर माइती घरको कर्नरमा धर्नामा बसिरहेका छन्। सरकारले देखेको छ कि छैन? सुनेको छ कि छैन? वार्ता टोली बनाए भन्छ। वार्ता टोली निष्कर्षमा पुग्ने वार्ता टोली बनाउन जरुरी छ। गुठीको महन्त राख्न जरुरी छ। आन्दोलनकारीलाई सहभागी गराएर एउटा निष्कर्षमा पुगेर किसानहरुलाई हक दिलाउन जरुरी छ। म सरकारसँग माग गर्दछु हस् धन्यवाद।

(१३:२२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जग प्रसाद शर्मा।

(१३:२२ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, देशले परिवर्तनको एउटा महान प्रक्रिया पूरा गरेर समृद्धिको अध्यायमा प्रवेश गरेको छ। व्यवस्थामा आएको परिवर्तनहरू अवस्थामा अथवा जनताको जीवनस्तरमा परिवर्तन हुन सकेको छैन। यसको प्रमुख कारण भनेको देशमा सुशासन कायम गर्न नसक्नु हो। २०७९ को आम चुनावमा सबै राजनीतिक पार्टीहरूको एउटा साझा मुद्दा, साझा एजेन्डा देशमा सुशासन कायम गर्ने थियो। वर्तमान सरकार बाटो बिराएको छ र चिप्लिएको छ। देशमा राम्रो काम गर्नेहरूलाई प्रोत्साहन गर्ने कुरा चाहे जनप्रतिनिधि, चाहे कर्मचारी क्षेत्रका अगुवाहरु, चाहे अन्य क्षेत्रका व्यावसायिक क्षेत्रका निर्माण व्यवसायी क्षेत्रका राम्रा मान्छेहरुलाई प्रोत्साहन गर्नेतिर भन्दा निरुत्साहन गर्नेतिर सरकार गइराखेको छ। अहिले कुलमान घिसिङ जस्ता, भूपेन्द्र भण्डारी जस्ता, टंक घिसिङ जस्ता कतिपय कर्मचारीहरूलाई निरुत्साहित पार्ने बाटोमा सरकार जो

लागिराखेको छ यो सच्याउनुपर्छ। म सम्माननीय अध्यक्ष मार्फत अनुरोध गर्न चाहन्छु। (...... समय सकिएको।)

(१३:२३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:२३ बजे) माननीय श्री तुलसा कुमारी दहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, ११५ अन्तराष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्न चाहन्छु। विश्वका महिलाहरूले सबै महिला र छोरीको अधिकार समानता र सशक्तिकरणको हकदार भन्ने नाराका साथ विश्वका महिलाहरुले यो दिवस मनाउँदै हुनुहुन्छ। र यो गौरवको कुरा पनि हो महिलाहरुको निम्ति। म .... सहित वीर योद्धा महिलाहरूलाई सम्मान पनि गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, गर्मीको मौसम सुरुवात भइसकेको छ। यो गर्मीको मौसममा देशका विभिन्न ठाउँमा आगजनीका घटनाहरु घटिरहेका छन्। तराई मधेसमा मात्रै अहिले यो फागुनको पहिलो हप्तामा मात्रै चाहिँ मधेश प्रदेशमा आगजनीका घटनाहरुबाट एकजनाको निधन दुईजना घाइते र गाई गोठ र फुसका घरहरुमा आगजनीभएर पचासौं लाखभन्दा बढीको चाहिँ क्षति भइसकेको छ। र विभिन्न जिल्लाहरूमा यी घटनाहरू घटेका छन्। र अहिले चाहिँ यो जलवायु परिवर्तनको कारणले पनि प्रतिकूल मौसम चाहिँ रहेको छ। यसतर्फ ख्याल गर्न म आम जनसमुदायलाई पनि आग्रह गर्दछु।

(१३:२४ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१३:२४ बजे) माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- सम्माननीय अध्यक्ष महोदय, अहिलेको सरकार संसदप्रति उत्तरदायी छैन। संसदमा उठेका विषयहरूलाई गम्भीरतापूर्वक लिँदैन र सम्बोधन पनि गर्दैन। भन्ने कुरा हिजो मात्रै यहाँ केही मन्त्रीज्यूहरूले व्यक्त गर्नुभएको हो। दम्भपूर्ण र गैर जिम्मेवारी अभिव्यक्तिले पुष्टि गर्दछ। तथापि म एउटा प्रश्न चाहिँ सोध्न चाहन्छु सरकारलाई। ३२ दिनदेखि अन्यायका विरुद्ध माग राखेर माइती घरमा धर्नामा बसिरहेका स्वर्गद्वारी गुठी, पीडित किसानहरूका समस्या समाधान

गर्नका निम्ति यो सरकारले केही गरेको छ कि छैन? गरेको छ भने यो सदनलाई जानकारी गराओस्। धन्यवाद।

(१३:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भगवती न्यौपाने।

(१३:२५ बजे) <u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम ११५ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू मैले यो विषय यसभन्दा अगाडि पनि उठाएको थिएँ। धेरै महत्वपूर्ण र आवश्यक भएकाले पुन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। त्यो विषय हो तनहु र चितवन जोड्ने बुद्धसिंह मार्ग जुन छ। घुमाउने भने ठाउँमा मोटरेवल पुल निर्माणका लागि २०७१ असारमा मृत सञ्जीवनी निर्माण कम्पनीसँग सम्झौता भएको थियो। १०५ मिटर लम्बाइ रहेको उक्त पुलको लागत ९ करोड ५६ लाख रहेको छ। हालसम्म ३०% मात्रै भौतिक प्रगति भएको छ। त्यस क्षेत्रका जनताले यो विषयलाई गम्भीरतापूर्वक उठाइराखुभएको छ। केही महिना अगाडि मात्रै पनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यू एउटा कार्यक्रममा तनहुँमा पुग्नु भएको थियो। जनताका कुरा सुन्नुभयो उक्त पुल निर्माणको आवश्यकतालाई राम्रोसँग बुझ्नुभयो। मलाई विश्वास छ। पुल निर्माणको कामले गति लिनेछ र छिट्टै सम्पन्न हुनेछ। म सरकारलाई यो कुरा पनि ध्यानाकर्षण (...... समय सकिएको। )

(१३:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:२६ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम ११५औं महिला नारी दिवसको भव्य शुभकामना व्यक्त गर्छु। यो १८ घण्टा लोडसेडिङ थियो। त्यो घटेको स्थिति अथवा शून्यमा झरेको स्थिति त्यसको श्रेय भारतलाई जानुपर्छ भनेर मन्त्रीजीले भन्नुभयो भन्ने कुरा आएको छ। त्यो आफैले लिए हुन्थ्यो भारतलाई किन दिइयो र कुलमानलाई दिन अप्ठ्यारो थियो कि? त्यो समस्या परेर हो के हो बुझ्न गाह्रो भएको छ। सरकारले बुझाइदिनेछ। अरुतिर महिला उसको शिक्षकहरू आन्दोलित

छन्। शिक्षकहरूको अपमान गर्ने कुरा भएको छ। घृणा गर्ने कुरा भएको छ। त्यसका मागहरु पूरा गर्ने कुरामा भन्दा विभिन्न प्रकारले आरोप लगाउने कुरा भएको छ। त्यसको छिटोभन्दा छिटो शिक्षा विधेयक सदनमा छलफल भइराखेको समितिमा छ। त्यसलाई पारित गरेर राष्ट्रले नयाँ एउटा गति ल्याओस् र शिक्षकहरूको माग पूरा गरोस् भन्ने कुरा चाहन्छु। धन्यवाद।

(१३:२७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य शारदा देवी भट्ट।

(१३:२७ बजे) <u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- माननीय अध्यक्ष महोदय, अमेरिकाले नेपालीलाई हातमा खुट्टामा जन्जिरले बाँधेर हदै भन्दा अपमानित तरिकाले नेपाल ल्याइ पुऱ्यायो। हातमा त बाँधेकै थियो खुट्टामा पनि जन्जिर हालेर ताला ठोकिदियो र हिँड्नै नसक्ने गरेर हदैभन्दा पनि बेइज्जती तरिकाले अपमान गऱ्यो। मानव अधिकारको हनन र नेपाल देशकै बेइज्जती गरेको म अध्यक्षज्यू मार्फत नेपाल सरकारले कुटनैतिक तरिकाले अमेरिका सरकारसँग कुरा गरेर बेइज्जती गर्नबाट सजग गराउन अनुरोध गर्दछु। धन्यवाद।

(१३:२८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुमित्रा बि.सी.।

(१३:२८ बजे) <u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- अध्यक्ष महोदय, हिजो २०८१ साल फाल्गुन २२ गते बुद्ध एयरको जहाज एउटा पाङ्ग्रा जनकपुरमै छोडेर ६३ जना यात्रु बोकेको जहाजले संजोगले राम्ररी सुरक्षित साथ ल्यान्ड गरेको छ। यस्ता गम्भीर खालका त्रुटीहरु नगर्न म सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहन्छु। र साउनमा सौर्यएयरको जहाजबाट मृत्युवरण गरेका परिवारलाई न्याय दिन र सम्बन्धित निकायलाई गल्ती कमजोरीको महसुस गराउन अथवा कारबाही गर्न सरकारले के गरिरहेको छ सदनलाई जानकारीको माग गर्न चाहन्छु। र धेरै लापरवाहीका कारणले यस्ता घटनाहरू घट्ने गर्छन्। हिजो मात्रै दुईजना बालिकाले (...... समय सकिएको। )

(१३:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "विशेष समय" मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म, माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य पदम बहादुर परियार समय १२ मिनेट। यसपछि माननीय सदस्य भुवनबहादुर सुनार।

(१३:३० बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको आजको बैठकमा विशेष समयमा म आज खासगरीकन एउटा विषयमा मात्रै केन्द्रित भएर आफ्ना विचारहरु, विश्लेषणहरु राख्ने जमर्को गर्नेछु। आजको बैठकमा म खासगरीकन नेपालमा बसोबास गर्ने ४० लाख भन्दा बढी जनसङ्ख्या भएका दलित समुदायहरुले हालसालै भोग्दै गरेका भेदभाव, विभेद नेपाल सरकारले गरेका प्रयासहरु र आगामी दिनमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने सन्दर्भमा मेरा आफ्ना केही बुझाई र धारणाहरु सदन समक्ष राख्न चाहन्छु। सर्वप्रथम म एक दुईवटा घटनाहरु सभाको जानकारीको लागि पेश गर्न चाहन्छु। यद्यपि यो हामी सबैलाई थाहा भएकै विषय हो। पहिलो घटना केही दिन अगाडि केही महिना अगाडि बैतडीमा माना दमाईको मृत्यु भइसकेपछि माना दमैको लासलाई सद्गत गर्ने स्थानसम्म लैजानको लागि गाउँका मलामीहरू समेत पाइएन। हामी सबै भन्छौं यो विभिन्न जातको फूलबारी हो। हामी सबै मिलेर यो देशलाई बनाउनुपर्छ सबै जातको फूलवारी हो भनेर भन्छौं। तर एउटा जातको मान्छे मर्दाखेरि अर्को जातका मानिसहरुले मात्रै होइन। यो देशमा जातभन्दा बाहेक पनि अरु धेरै कुराहरु छ। दलहरू छ सबैभन्दा ठूलो त सबैभन्दा ठूलो नेटवर्क भएको त दलहरु छ। दलितहरुलाई यस्तो गर्छु र उस्तो गर्छौं भनेर भन्ने हामी नै दलहरू छौं। दलका कार्यकर्ताहरू धरी मौन भएर कैयौं घण्टासम्म चाहिँ त्यो लासलाई त्यही राखेर मलामी नपाएर बसेको हृदय विधारक घटना हामीले सुन्नु पर्‍यो। त्यसको साक्षी बन्नु पर्‍यो। त्यति मात्रै होइन सम्माननीय अध्यक्ष महोदय, सिराहाको नवराजपुरमा रिंकु कुमारी सदाको केही उश्रृङ्खल युवाहरू मार्फत बलात्कार भएको र उनले चाहिँ नि आत्महत्या गरेको कुरा आयो। हाम्रो गणतान्त्रिक, प्रजातान्त्रिक समाजको न्याय प्रणालीलाई धज्जी उडाउँदै कैयौं वर्ष पहिलाको पञ्चायती व्यवस्थातिरको पञ्चायत बसेर त्यसलाई चाहिँ समस्याको समाधान गर्ने गरेर गाउँका मान्छेहरुले त्यही त्यो समस्यालाई ढाकछोप गर्ने प्रयास गरियो यसले पनि के देखायो भने हाम्रो न्याय प्रणाली कस्तो छ भन्ने कुरालाई यसले उजागर गरेको छ। खासगरीकन दलित समुदायको सन्दर्भमा सत्येन्द्रराम र नेहा रौनियारको अन्तर्जातीय विवाहको सन्दर्भमा यसले अन्तरजातीय विवाह अहिले पनि कति कठिन छ भन्ने कुरा मात्रै देखाएन अन्तरजातीय विवाहको सन्दर्भमा कताकता राज्य

पनि कताकता चाहिँ नि बहकिदो रहेछ कि त भन्नेसम्मका विश्लेषणहरु चाहिँ, र जानकारीहरू चाहिँ आए। त्यति मात्र होइन यहाँहरुले पनि देखुभयो होला एउटा रियालिटी शोमा एकजना निर्णायकले त्यो पहिलोपटक पनि होइन अरु निर्णायकहरुले पनि गर्नुभएको थियो त्यस्तै गरेर खुट्टाले बर्जर थिच्दाखेरि सोसल मिडियामा जातै काडेर कसरी दलित समुदायमाथि हेप्ने चेप्ने काम चाहिँनि भयो। त्यो मात्रै होइन म एउटा मेरो आफ्नै भोगाइ पनि सेयर गर्न चाहन्छु। केही दिन अगाडि हामी नै सांसदहरु बसेको ठाउँमा एउटा प्रसङ्ग कस्तो निस्कियो भने यो जातै यस्तो हो। दलित सम्बन्धी नै भएको प्रसङ्गमा, कुरामा यो जातै यस्तो भनेर हामीहरुले नै बोलेको कुराको पनि साक्षी बन्नुपर्ने परिस्थिति आयो। यी सबै घटनालाई एक ठाउँमा लिएर आएर यसको निचोड मैले बुझेको चाहिँ के हो भने अहिले पनि नेपाली समाज, हामीहरू, हाम्रो सरकार दलित समुदायको सन्दर्भमा अहिले पनि प्रगतिशील अहिले पनि लोकतान्त्रिक हुन नसकेको चाहिँ यी घटनाहरुले चाहिँ देखाउँछन्। यी घटनाहरू मात्र होइनन् सम्माननीय अध्यक्ष महोदय, केही राम्रा कुराहरू पनि भएका छन्। यी घटनाहरू प्रतिनिधिमूलक घटनाहरू हुन्। यी घटनाहरु दैनिक रुपमा नेपालका विभिन्न सरहदहरूमा घटिरहेका छन। केही घटनाहरू सोसल मिडियामा केही घटनाहरु पत्रपत्रिकाहरुमा आएर हामीले थाहा पायौं होला। तर यस्ता कैयौं अमानवीय घटनाहरु यस्ता कैयौं घटनाहरु समाजमा घटिरहेका छन्। कतिपय कुराहरु हामीलाई जानकारीमा नआएको पनि हुनसक्छ। यी केही नराम्रा पाटाहरु भए तर के यसको मतलब दलित समुदायको लागि नेपाल राज्यले केही पनि नगरेको हो त? त्यो पनि होइन। नेपाल राज्यले खासगरीकन हामी ०४६/०४७ को आन्दोलन पछाडि खासगरी ०६२/०६३ को जनआन्दोलन पछाडि र ०७२ सालमा हामीले नेपालको संविधान जारी गरिसके पछाडि दलित समुदायको लागि कैयौं राम्रा प्रयासहरु नेपालमा भएका छन्। दलित समुदायलाई समावेशी सिद्धान्तको आधारमा राज्यका सबै तहहरूमा प्रायजसो सबै तहहरुमा दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्नको लागि नेपाल सरकारले प्रयास गरिरहेकै छ। यो एउटा असाध्यै राम्रो सराहनीय काम भएको हो जस्तो मलाई लाग्दछ। दलित समुदायको एउटा असाध्यै ठुलो समस्या जातीय छुवाछुतको हो त्यो समस्यालाई समाधान गर्नको लागि हामीले जातीय छुवाछुत तथा भेदभाव कसुर र सजाय ऐन, २०६८ सालमा नै जारी गरिसकेका छौं। त्यतिमात्र होइन लोकसेवा आयोग होस् कि, शिक्षक सेवा आयोग होस् कि, सेना होस् कि, प्रहरी होस् कि लगायतका कैयौं राज्यका संरचनाहरुमा हामीले दलित समुदायको प्रतिनिधित्वलाई चाहिँ सुनिश्चित गरेका छौं। निजामती सेवातर्फ लगभग लगभग १.८८% दलित समुदायको प्रतिनिधित्व छ। यद्यपि विशिष्ट श्रेणीहरूमा दलित समुदायको प्रतिनिधित्व अहिले पनि कतिपय अवस्थामा छैन र साना पदहरूमा मात्रै दलित समुदायको प्रतिनिधित्व छ। नेपाली सेनामा असाध्यै सानो सङ्ख्यामा चाहिँ भनौन अधिकृत स्तरको चाहिँ

पदहरूमा दलित समुदायको छ। त्यसैगरी प्रहरीमा त्यस्तै खालको अवस्था छ प्रहरीमा १०.६७ % दलितहरूको प्रतिनिधित्व छ। श्रेणीविहीन तहमा चाहिँ १९.९३% छ भने अधिकृत स्तरमा चाहिँ जम्मा ३.६२% चाहिँ दलित समुदायको प्रतिनिधित्व छ। यी सबै कुराहरुले के देखाउँदछन् भने दलित समुदायको प्रतिनिधित्व राज्य तहमा भइसकेको चाहिँ छ तर यसको मतलब के होइन भने सम्माननीय अध्यक्ष महोदय, दलित समुदायको जुन जुन सङ्ख्या छ दलित समुदायको जुन अपेक्षा छ त्यो अनुसारको पर्याप्त सहभागिता, पर्याप्त सम्मान अहिले पनि नेपाल राज्यले गर्न सकिरहेको अवस्था छैन। तसर्थ हामीले आगामी दिनमा हामीले केही गरेका पहिला गरेका केही राम्रा कामहरुमा राष्ट्रिय दलित आयोगको कुरा छ। राष्ट्रिय उपेक्षित उत्पीडित तथा दलित वर्ग उत्थान विकास समिति चाहिँ गठन गरेर दलित समुदायको लागि काम गरेको कुराहरु छन्। हैन यी लगायतका कैयौं राम्रा कामहरु चाहिँ भएका छन्। हिजो मात्रै एउटा असाध्यै राम्रो कुरा के भएको छ भने नेपालभरिकै वडाध्यक्षहरु मध्येबाट अथवा जनप्रतिनिधिहरु मध्येबाट गोर्खाकी वडाध्यक्ष मित्र कुमारी परियार चाहिँ ५० जना प्रभावशाली महिलाहरुको सूचीमा पर्न चाहिँ सफल हुन भएको छन। यस्ता कैयौं राम्रा कुराहरू पनि भएका छन् तर हामीले पर्याप्त मात्रामा अझै काम गर्न सकिरहेका छैनौं। अब अन्त्यमा म चाहिँ के कुरा चाहिँ अनुरोध गर्न चाहन्छु। खासगरीकन सम्माननीय अध्यक्ष महोदय मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई भने अहिले सम्माननीय प्रधानमन्त्रीज्यू र दलितको सन्दर्भमा कुरा गर्दाखेरि अलिकति यो विषय पेचिलो बन्छ। किनभने खासगरीकन दलित र कांग्रेसलाई जोड्दाखेरि कांग्रेसले कैयौं हिसाबमा दलित समुदायको सवालमा चाहे त्यो राष्ट्रिय दलित आयोगको कुरा होस्, उपेक्षित उत्पीडित उत्थान विकास समिति होस् अथवा ऐनका कुराहरु हुन्। यसमा काम गरेको देखिन्छ। ०६२/०६३ को आन्दोलन पछाडि समावेशी सिद्धान्तको कुरा होस् अथवा गणतन्त्रको कुरा होस् अर्को पार्टीले चाहिँनि ठुलो चाहिँ नि हिस्सा लिएको चाहिँनि देखिन्छ। तर खासगरी सम्माननीय प्रधानमन्त्रीज्यूको हकमा चाहिँ नि दलित समुदायले कैयौं हिसाबमा आशा गरिरहेका छन्। I think this is the very right time. हामी अब अहिले अब आउने आर्थिक वर्षको चाहिँ वार्षिक कार्यक्रम बनाउने सन्दर्भमा छौ तसर्थ म दलित समुदायको सांसदको हिसाबले पनि म सम्माननीय अध्यक्षज्यू मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूसँग यो आपेक्षा गर्न चाहन्छु कि तपाईंकै कार्यकालमा दलित समुदायको अधिकार सम्बन्धी विधेयकलाई यो संसदमा पेश गरेर पास गर्न पाइयोस्। तपाईंकै कार्यकालमा सम्माननीय प्रधानमन्त्रीज्यू दलित समुदायका लागि अलिकति यो साना टुक्राटाक्रे योजनाहरू होइन अलिकति रुपान्तरणकारी कार्यक्रमहरू ठूला ठूला कार्यक्रमहरु दलित समुदायलाई चाहिँ लक्षित गरेर कार्यक्रमहरु लिएर आउन पाइयोस्। त्यति मात्र होइन म अन्त्यमा के पनि जाहेर गर्न चाहन्छु भने नेपाल सरकारले लक्ष्य लिएको यो समृद्ध नेपाल सुखी

नेपालीको नारा यो आफैंमा पूर्ण छैन। हामीलाई समृद्ध नेपाल भएर मात्र पुग्दैन। दलित समुदाय मात्रै होइन सम्पूर्ण बहिष्करणमा परेका समुदायहरुलाई समुन्नत नेपाल चाहिन्छ। सबै एकैचोटि उठ्न सक्ने समुन्नत नेपाल चाहिन्छ तसर्थ यो नारालाई पनि हामीले आगामी दिनमा चाहिँ यसलाई चाहिँ नि परिवर्तन गर्दै अगाडि बढ्नुपर्ने देखिएको छ। यति कुरा राखेर म मेरो आफ्नो भनाइलाई यहाँ अन्त्य गर्न चाहन्छु। हस् त नमस्कार।

(१३:४२ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य भुवन बहादुर सुनार समय ६ मिनेट। यसपछि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:४३ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्षज्यू, म पनि अहिले समसामिक घटनालाई नै जोड्न खोजिरहेको छु। अलि चाहिँ यो भन नपर्दा नपर्दै पनि भन्नपर्ने परिस्थिति सिर्जना किन भइरहेको छ भन्दा अहिले अस्ति भर्खर हामीले भारतमा एकजना नेपाली विद्यार्थी प्रकृति लम्सालको रहस्यमय हत्याको सवाल। त्यसकै वरिपरी फेरि नेपालमा सिरहामा चाहिँ रिङ्कु कुमारी सदाको रहस्यमय हत्या। अब त्यसले फेरी हाम्रो समाजलाई असाध्यै तरङ्गीत बनयो। किन त भन्दा १७ वर्षीय किशोरी त्यहीको चाहिँ गैर दलित युवाहरूले सामुहिक बलतकार, बलातकारपछि उनले चाहिँ मलाई सामूहिक बलात्कार भयो भनेर चाहिँ समाजको अगाडि कचहरीको अगाडि बोलेकी छन्। र त्यहाँ चाहिँ फेरि त्यहीको चाहिँ स्थानीय पञ्चायत बसेर एकजनालाई मात्रै चाहिँ दोषी करार गर्दै जरिवाना गरेको छ। अब त्यस्तो घटना त्यहाँ घटिरहेको छ। त्यहाँको प्रशासन किन मौन बसिरहेको छ। अनि त्यहाँ समाजले किन त्यस्तो चाहिँ अपराधी गतिविधि गरिरहेको छ। र त्यसले चाहिँ मर्माहित बनाइरहेको बेलामा अध्यक्ष प्रचण्ड त्यो सम्बन्धित व्यक्तिहरूको पीडित व्यक्तिहरूको घरमा पुगेर उनीहरुलाई चाहिँ ढाडस दिने काम भएको छ। त्यसैले गर्दा म अध्यक्ष प्रचण्डप्रति धन्यवाद ज्ञापन गर्दछु। यस्ता चाहिँ घटनाहरू क्रमशः हामीले चाहिँ यही चाहिँ समय वरिपरि सत्येन्द्र रामलाई तेत्रो उत्पीडन गरियो। राज्यशक्तिनै त्यहाँ खनियो। बम्बईसम्म पुगेर चाहि उनीहरूलाई गिरफ्तार गरेर ल्याउन सक्ने। तर रिङ्कु कुमारी सदाको हत्यामा संलग्न दोषीहरुलाई चाहिँ सरकारले गिरफ्तार गर्न सकिरहेको छैन। यसले के देखाउँछ त भन्दा सरकार गम्भीर छैन। त्यसका साथै म्याग्दीमा १९ वर्षीय मिना परियार कक्षा ११ मा प विद्यार्थीलाई प्रेमका बहानामा उनी गर्भवती भएपछि मारेर जंगलमा लगेर दबाइन्छ आठ महिनापछि उनको शव फेला पर्छ। त्यस्तै सिन्धुपाल्चोकमा सन्ध्या रोकायलाई आफ्नै विद्यालयका शिक्षकले चाहिँ बलात्कार गर्छन् र त्यो सार्वजनिक भएपछि र समय रुपमा चाहिँ आत्महत्या भनेको हत्या भएको

छ। अब अजित मिजारको विषयमा चर्चा हुँदै अहिले सात-आठ वर्ष सम्म अजित मिजारको लासले न्याय खोजेर टिचिङ हस्पिटलमा न्याय कुरिरहेको छ। अब नेपालमा विभेद घटेको छ कि बढेको छ? कति काहाली लाग्दा घटनाहरु भएको छ भने प्रेम विवाह गर्‍यो, अन्तरजातीय विवाह गर्‍यो भनेर घरमा आगो लगाएर खरानी बनाइएको छ। अब समाज के भइरहेको छ। अब मन्दिरमा विभेद भइरहेको छ। चितवनमा भिम विश्वकर्मालाई कुटेर मारिएको छ। त्यस्तै गरेर पधेरामा छोइ छिटो गर्‍यो भनेर चाहिँ मोना सार्कीलाई कुटेर मारिएको छ। रूपा सुनारले यही काठमाडौंको बबरमहलमा कोठाको विवादमा हाम्रै चाहिँ त्यतिखेरका चाहिँ शिक्षा मन्त्री कृष्ण गोपाल श्रेष्ठले आफू जमानी बसेर सरकारी गाडीमा हालेर चाहिँ त्यस्तो अपराध गर्ने मान्छेलाई लिएर आउनुभएको छ। बोक्सीको आरोपमा लक्ष्मी परियारलाई काभ्रेमा कुटेर मारिएको छ। अब दैलेखमा सेते दमाइलाई छोराले अन्तरजातीय विवाह गर्‍यो भनेर निर्दोष बाबुलाई कुटेर मारिएको छ। अघि पनि विषय उठ्यो हाम्रो समाज के भएछ? हाम्रा राजनीतिक पार्टीहरु के भएछन्? बैतडीमा प्रकाश दमाईंको आमा बित्नुभयो। मलामी पाएन। मलामी खोज्नलाई कञ्चनपुर पुगेर मलामी लिएर आएर सब उठाउनु पर्‍यो। त्यहाँ के अरु राजनितिक पार्टीको मान्छेहरू थिएनन होला। अरे त्यहाँ दलितहरू पनि त थियो होला नि परियार बाहेक, दमाइ बाहेक। भनेपछि समाज के भएछ, छिमेकी के भएछ। हामी बसेको समाज, हामी बसेको चाहिँ छरछिमेकी भन्छौ नि हामी मर्दाका मलामी, जिउँदाका जन्ती भन्छौ। भने यो समाज किन यस्तो भइरहेको छ। यस्ता चाहिँ जघन्य अपराधहरु किन घटिरहेका छन्। (... समय सकिएको।)

(१३:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे समय १२ मिनेट। यसपछि माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१३:५० बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः**- सम्माननीय अध्यक्षज्यू, हामी महिलाहरूको महान पर्व जस्तै संघर्षको मैदानबाट आएको ८ मार्चको अघिल्लो दिनमा छौं। ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको यहाँहरु सबै माननीयज्यूहरूलाई हार्दिक शुभकामना। देशभरिका जति पनि न्यायप्रेमी जनसमुदायलाई सबैजनालाई आठ मार्चको शुभकामना भन्न चाहन्छु। ८ मार्च भनेको यस्तो दिन हो।

श्रमिकहरुसँग विश्वका महिलाहरूले आफूले काम गरेको दिनको समान कामको समान ज्यालाको निम्ति आन्दोलन गरेको दिन हो। विश्वभरि आफ्नो ज्यालाको निम्ति आन्दोलन गरेको दिनलाई हामी महिला आन्दोलनमा लागेका मान्छेहरुले नेपालमा महिलाहरूको कामको उचित मूल्याङ्कन गर्ने कुरा हामीले जोडेर आन्दोलनमा ल्यायौं। अहिले पनि समान कामको समान ज्यालाको कुरा गर्दाखेरिमा हाम्रो महिलाहरु बिहान ४ बजे उठ्नुहुन्छ, ५ बजे उठ्नुहुन्छ। साँझ दश, एघार बजेसम्म नसुतिकन काम गर्नुहुन्छ तर दिनभरि महिलाहरूले गरेको कामको गणना खोइ त? के गर्छ भन्दाखेरिमा केही पनि गर्दैन घरै बस्छ भन्ने छ। त्यो त्यो महिला पाँच दिन माइत गयो भने घरमा सकस परेर वल्ला घर, पल्ला घरमा भात खान जानुपर्ने स्थिति आउँछ। हो कि होइन। हामीले देखेका छौं नि त। तर हाम्रो श्रमको महिलाहरूको श्रमको सम्मान गर्ने कुरा महिलाहरूको कामलाई श्रमसँग जोड्ने कुरा राज्यले ल्याउनुपर्दछ। म सरकारसँग जोडदार माग गर्न चाहन्छु। महिलाहरूको श्रमको सम्मान होस् र जिडीपीमा महिलाहरूको योगदानको पनि गणना गरियोस् भन्न चाहन्छु। र महिलाहरूको हामीले सर्वप्रथम १९०९ मा यो दिवसलाई मनाएपछि १९१० मा चाहिँ हामीले पहिलोपटक महिलाहरुले मतदान गर्ने अधिकार प्राप्त गरेको हो। र यो महिलाहरूको अधिकार प्राप्त गर्ने दिनलाई हामी ८ मार्चलाई सम्झिरहँदा हामी हिजो अस्ति यहाँ योगमायाको चर्चा गरेको हामीले सुनियो। महिलाहरूको आन्दोलनको इतिहासमा योगमायालाई हामीले साहसी महिलाको रुपमा चिन्दछौं। र योगमाया भनेको कुनै पहाडको कुनै डाँडाको कसैले पहाडी भेगको चर्चा गरियो हामीले जानेको योगमाया भनेको भोजपुरकै हो। यो कहाँको के को भनेर चर्चा गर्नुपर्ने जस्तो मलाई लाग्दैन र योगमाया विश्वविद्यालयसँग जोडेर कुराहरु आउँदाखेरि जब योगमायाले भजन मण्डली तयारी गरेर मानिसहरुलाई सचेत गराउन थाल्नुभयो र उहाँले एउटा जागृति भन्ने संस्था गठन गर्नुभयो। नेपालमा सर्वप्रथम महिलाहरूको संगठन निर्माणको हिसाबले हामी योगमायालाई चिन्दछौं। पहिलोचोटि जागृत संस्था खोल्ने योगमाया हो। र उहाँले राणा शासनको विरुद्धमा राणा शासनको बेलामा जब मान्छेहरुलाई मार्न थालेसी राणा शासनलाई दबाब दिनको निम्ति उहाँले एकादशीको दिन अरुण नदीमा समाधि लिनुभएको छ। त्यो बेला महिलाहरुले मात्रै लिनुभएको छैन। पुरुषहरूले पनि साथ दिनुभएको छ। ४८ जना महिला र १६ जना पुरुष ६४ जनाले एकैदिन त्यो समाधी लिएको दिन हो। त्यसैले गर्दा हामी योगमायालाई निडर महिलाको रुपमा यो देशले स्वीकार गरोस्, स्थापित गरोस्। र महिलाहरूको एउटा संस्थापक लिडर भनेर मानियोस् भन्ने भावनाका साथ आओस् भन्न चाहन्छु।

र दोस्रो कुरा हामीले यहाँ चर्चा गरिरहँदा हामीले सातौं योजनादेखि अथवा चाहिँ १९९५ मा जब बेइजिङ सम्मेलन भयो त्यसले १२ बुँदा घोषणा गऱ्यो। र त्यसले देशको एउटा कार्ययोजनामा महिलाहरूका मुद्दाहरुलाई उठान गऱ्यो र लैङ्गिक हिंसाको अन्त्यको कुरा हामीले त्यो बेला नै ल्याएको कुरा हो। र हामीले कुनै पनि विभेद गर्न नपाइने कुरा पनि हामीले ल्यायौं। तर यहाँ अघि भर्खरै माननीयजीले भनेर जानुभो जातीय हिसाबमा छुवाछुत अझै पनि छ। महिला भएकै कारणले महिलाको बोली नसुनिने कुरा राम्रै भने पनि महिलाहरुले राम्रो भने भन्न सक्ने अवस्था अहिले पनि छैन। त्यसो भएको हुनाले जस्ताको तस्तै महिलाहरूको कुरालाई ल्याउने कुरा यो चाहिँ अहिले पनि हिंसा छ। राज्यको हामीले हाम्रो संघर्षले स्थानीय तहमा ४० र केन्द्रीय तहमा ३३% सुनिश्चित गऱ्यो। तर कार्यान्वयन पक्ष अहिले पनि कमजोर छ। छ त? राजनीतिक पार्टीहरूमा हेऱ्यो भने पनि पदाधिकारी महिलाहरूको संख्या पुगेको छैन। हाम्रो संसदीय फाँटमा हेऱ्यो भने पनि पुगेकै छैन। त्यसो हुनाले के छ त हाम्रा दलहरु भित्र कार्यान्वयनको पक्ष अहिले पनि कमजोर छ। र यो कुराहरू गरिरहँदा हामीले भनेको कुरा के हो त भन्दाखेरि नीति निर्माण तहमा औच्यित्यपूर्ण महिलाहरूको सहभागिता कुरा हो। हो नि त महिलाहरु हुनुहुन्छ भन्नुहोला तर सङ्ख्याको हिसाबले सबले हामी ५१ प्रतिशत महिलाहरू हो। भोटरको हिसाबले पनि हामी धेरै छौं। तर राज्यको तहमा निर्णायक तहमा मन्त्री महिलाहरू कति जना हुनुहुन्छ त। छ त? हामीले भन्या जस्तो भएको छ त? हामीले त्यो कुरा त पाउँदैनौं। अहिले पनि विभेद छ। र २०१६ देखि २०३० मा चाहिँ हामीले दिगो विकास लक्ष्यमा थुप्रै कुरा हासिल गर्छौं भनेर राखेका छौं। त्यसमा चाहिँ हामीले गरिबीको अन्त्य गर्ने कुरा पनि गऱ्याछौं। गरिबीको अन्त्य गर्ने कुरा हामीले मापदण्ड पनि बनाएका छौं। गरिबको अन्त्य गर्ने कुरा गऱ्या छौं। हाम्रो सरकारको कार्यक्रमहरू दिगो विकास लक्ष्य हासिल गर्ने गरिबीको अन्त्य गर्ने तिर उन्मुख छ त? अहिलेको हाम्रो विकासको प्रक्रियाले निर्माणको प्रक्रियाले हाम्रा बजेटको विनियोजनको स्थितिले दिगो विकास लक्ष्य हासिल हुन्छ त? हाम्रो सरकारले राखेको योजनातिर हामी केन्द्रित छौं कि हामी बहकिएका छौं भन्ने मेरो प्रश्न छ। र यसो भनिरहँदाखेरिमा हामीले अब आउने बजेटमा हामीले राखेका योजनाहरु अब हामीले महिलाहरूको न्याय भएन, अन्याय भयो, अत्याचार भयो, हत्या भयो भनेर हामीले कहिलेसम्म आवाज उठाउने? आज हामी महिलाहरूको हत्या भयो भनेर आवाज उठाइरहँदा त्यो तपाईंको घरको छोरी बुहारी सदस्य पनि त हुन सक्छ नि। यो साझा एजेन्डा बन्नुपर्छ कि पर्दैन? र यस्तो खालको हिंसा अन्त्य गर्ने कार्यक्रम ल्याउनुपर्छ कि पर्दैन? यो सरकारले आउने बजेटमा हाम्रो महिलाहरूको अनि ५०% हरेक तहमा सुनिश्चित गर्नुपर्दछ म सरकारसँग यो माग गर्न चाहन्छु। माननीय अध्यक्षज्यू मार्फत सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु र आउने बजेटमा

सरकारले महिलाहरूको कार्यान्वयनको पक्ष बलियो हुने गरी ५० प्रतिशत हरेक तहमा बिनियोजित बजेटको हिसाबले, हरेक हिसाबले सहभागीको हिसाबले सुनिश्चित गर्ने गरी बजेट ल्याओस् भनेर म सरकारसँग माग गर्न चाहन्छु।

अर्को कुरा म जोड्न चाहन्छु सँगसँगै घटनासँग सँगसँगै २०८१ साउन ९ गते सौर्य जहाजको दुर्घटना भयो। त्यहाँ सत्र, अठार जना मानिसहरूको ज्यान गयो। सौर्य दुर्घटनामा एउटै घरको परिवारको पत्रकार प्रकाश खतिवडाको छोरी, ज्वाँई, नातीको समेत ज्यान गयो। र यो घटनामा ती तीनजना सन्तान गुमाउँदा कसलाई पीडा हुँदैन र। हामी सुन्नेका त आँसु झरे भने बेहोर्नेलाई के अवस्था छ होला। सरकारले जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्‍यो पीडित पक्षले गैरकानुनी कानुन छ भनेर स्वीकार गरेको अवस्था छैन। सरकारले सम्बन्धित मन्त्रीलाई अथवा सम्बन्धित मन्त्रालयलाई जवाफदेही हुनेगरी पीडित र आम नेपाली नागरिकहरुले थाहा पाउने गरी वास्तविक कुरा के हो ल्याउनुपर्दछ भन्ने मेरो माग छ। र सरकारले त्यो वास्तविक कुरा चाहिँ सार्वजनिक गरोस् र पीडित पक्षलाई न्याय दियोस्। लामो समयसम्म हामीले यस्तो घटनामा यस्तो पीडामा जनतालाई राख्नु हुँदैन त्यसो भएको हुनाले छिटो भन्दा छिटो सरकारले यो काम गरोस् भनेर म ध्यानाकर्षण गर्न चाहन्छु।

अर्को कुरा म यहाँहरुसँग जोड्न चाहन्छु। आज सम्बन्धित मन्त्रालयको मन्त्रीज्यूहरू पनि यहाँ भएको हुनाले विशेषगरी विराटनगरको रङ्गशाला राष्ट्रिय गौरवको आयोजना हामीले त्यो ठाउँमा हेर्न गयौं। ठुलो जमिन धेरै जमिन लिएर १५ बिघा जमिन लिएर सरकारले रङ्गशाला बनाएको रहेछ। त्यहाँ चाहिँ कम्पाउन्ड पनि गरेको रहेछ। खेलाडीहरु आएर खेल्ने पनि हुनुहुँदो रहेछ। दशरथ रंगशालामा खेलिरहको खेलाडीहरू भइरहँदा त्यहाँ अहिले तत्कालको समस्या भनेको बत्ति काटिएको रहेछ र पानी बोरिङ भएको रहेनछ। यति सानो कुरा हामीले पूर्ति गर्दिंदा त्यो दशरथ रङ्गशाला राष्ट्रिय गौरवको आयोजना सञ्चालनमा आउँछ भने के सरकारसँग पैसा नभएर हो त? हैन होला। त्यो स्थानीय सरकारले, प्रदेश सरकारले, संघले राष्ट्रिय गौरवको आयोजना हो। कसले गर्नुपर्ने हो हामीले समन्वय गर्‍यो भने गर्न सकिने देखिन्छ। यति यति महत्त्वपूर्ण चिज जुन कुरा भारतको सिमानासँग जोडिएको छ। नेपाली खेलाडी मात्रै होइन भारतबाट पनि खेलाडीहरु खेल्न आउन सक्छन्। त्यहाँका मान्छेहरुले त्यहाँका मानिसहरूको एउटा चाहिँ विभिन्न खालको व्यवसायमा जोडिन सक्छ। त्यहाँको मानिसहरूको आम्दानी बढ्न सक्छ। यस्तो सानोतिनो कुराहरू नभएर पैसा छैन भनेर हामीले अलपत्र किन राखेको? हरेक योजना अलपत्र किन हुन्छ? यो इन्ट्रेस्ट कहाँनेर जोडिन्छ सरकारको भन्ने मेरो प्रश्न छ। होइन भने ठूलो कुरो रहेनछ। सामान्यतया हामीले गर्दै जाँदा हामीले त्यो योजनालाई कार्यान्वयनमा

ल्याउन सकिने मैले देखेको छु। त्यसो भएर म यो विराटनगरको रङ्गशालाको विषयमा पनि म मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु। र अन्तमा फेरि म भन्न चाहन्छु आउने योजनाले नेपाली जनताले सरकारले गऱ्यो है भन्ने कुरा आओस् भन्न चाहन्छु। हिजो हामी अध्यादेशको विषयमा छलफल गर्दा धेरै मानिसहरूले तपाईंहरुले ल्याएको चिजले नेपाली जनतालाई फाइदा पुग्यो भने राम्रो भन्ने छन्। तपाईंहरुले ल्याएको चिजले नेपाली जनतालाई फाइदा पुगेन भने तपाईंहरूको इन्ट्रेस्ट कहाँ जोडिएको छ भनेर बदनाम हुनेछ। बदनामको कुरा पनि आएको छ राम्रो कुरा पनि आएको छ। यहाँहरूको व्यवहार यहाँहरुको कार्यान्वयनले भोलि नेपाली जनताले तपाईंहरुलाई जाँच गर्नेछन् र तपाईहरुले त्यसको रिजल्ट भोग्नु पर्ने हुनुपर्ने हुन्छ। यसो भएको हुनाले म यो कुरालाई पनि मध्यनजर गरेर र आउने योजनाहरु एउटा चाहिँ सबैलाई समावेशी हुने गरी हामीले यो आवाजहरुलाई बुलन्द गर्न अबका दिनहरूमा नपरोस्। महिलाहरुले चिच्याउन नपरोस्, दलितहरुले चिच्याउन नपरोस्।

(१४:०२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव समय ५ मिनेट। यसपछि माननीय सदस्य बामदेव गौतम।

(१४:०२ बजे) **<u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल)</u>**:- सम्मानीय अध्यक्ष महोदय, वर्तमान सरकारलाई हाम्रो दलले पनि बाहिरबाट समर्थन दिएको छ। सरकारले संविधान संशोधन गर्छु, आर्थिक अवस्थालाई ठिक पार्छु। स्थिरता ल्याउँछु, राजनीतिक स्थिरता र सुशासन दिन्छु, भ्रष्टाचार निवारण गर्छु भनेर भनेकोले हामीहरु बाहिरबाट समर्थन गरेका हौं। र गुण, दोषको आधारमा समर्थन र विरोध गर्नेछौं भनेर हामी भन्या छौं। तर सरकार अहिलेसम्म जति कुरा कबुल गरेर यो दुईटा ठुला दल मिलेर चाहिँ सरकारमा आएको छ तर कुनै पनि जो वाचा गऱ्या छ त्यो त्यो कुनै पनि पूरा भएको जस्तो अहिलेसम्म चाहिँ छैन। त्यसैले गुण दोषको आधारमा हामीले पनि अब सायद त्यसमा चाहिँ समर्थनमा पुनर्विचार गर्नुपर्ला कि जस्तो भइसकेको छ। हालै एउटा यो नेपाल निर्माण हुँदाखेरिनै देखिको बेला देखिनै वासी, जनजाति, दलित, थारु, मुस्लिम, मधेसी, महिला शोषित छन् , उपेक्षित छन्, अपहेलित छन्, अपमानीत छन्। तर अहिलेसम्म चाहिँ सुरुदेखि नै सत्तामा बस्नेहरु एक नस्लका एकै, समुदायका चाहिँ सुरुदेखि जबदेखि नेपालको निर्माण भएको छ त्यही बेला देखि नै। एकै नस्लका एकै समुदायका चाहिँ सत्ताको बागडोर हातमा रहेछ। चाहे त्यो शाहवंशी राजाको रुपमा होस्,

राणाको रुपमा होस्, पञ्चायत कालमा होस् कि यो जातिहरु जुन बहुसंख्यक छन् त्यसको विषयमा चाहिँ कहिल्यै पनि चाहिँ विचार गरेन सोचेन र सोच्या छैन। हालै एउटा प्रतिनिधि घटनामा भर्खरको एउटा मधेसी महिला डाक्टर संगीता मिश्र जसलाई सिफारिस समितिले लोकसेवा अध्यक्ष, सम्माननीय लोकसेवाको सम्मानीय अध्यक्षको संयोजकत्वमा, अध्यक्षतामा भएको बढुवा समितिले एक नम्बरमा सिफारिस गरेकोलाई चाहिँ त्यसलाई चाहिँ बनाउन पाइने। किनकि त्यो मधेसी हो। एउटा महिला हो। महिलाको महिलाको पीडा त के भनु यो त हामी त भन्यौ यो आदिवासी, जनजाति, मधेसी, थारुहरू नेपाल निर्माण भएदेखि चाहिँ शोषित छन्, पीडित छन्। तर महिला त युगौ युगो देखि शोषित, पीडित छन्। त्यो द्वापर काल सदियो कालमा पनि तुलसीदासजीले नै "डोम, चमार, पशु और नारी ये सब है ताजनके अधिकारी" त्यो सोच अहिलेसम्म पनि गएको छैन। त्यो संगीता मिश्रा एउटा मधेसी महिलाले एक नम्बरमा सिफारिस हुँदा पनि भएन। किन भएन त्यसमा केही खास गरेर म नेपाली कांग्रेस सरकारले सती नजानुस् कसैसँग। नेपाली काङ्ग्रेसकै युवा मन्त्री हुनुहुन्छ स्वास्थ्यमन्त्री युवा तुर्क। युवा भएर हुँदैन सोच युवा हुनुभएन। तुलसीदासजीको बेलाको सोच लिएर हुँदैन। त्यसैले युवा हुनुहुन्छ भने सोच पनि युवा राखुस्। यो मधेसी महिला भएकै कारणले चाहिँ संगीता मिश्रासँग जो अन्याय भएको छ। त्यसमा सरकारले पुनर्विचार गरोस्। खासगरेर नेपाली कांग्रेसलाई म भन्न चाहन्छु पुनर्विचार गरोस्। अर्को कुरा यो भूमि सम्बन्धी अध्यादेश निश्चित रुपमा (.... समय सकिएको।)

(१४:०७ बजे) **सम्माननीय अध्यक्षः-** समय सिद्धियो। माननीय सदस्य बामदेव गौतम समय ५ मिनेट। यसपछि माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१४:०८ बजे) **माननीय श्री बामदेव गौतम (मनोनित) :-** सम्माननीय अध्यक्ष महोदय, आज ८ मार्च अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस यस उपलक्ष्यमा नेपाल र संसारभरिका महिलाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय, मैले भनिरहेको ध्यानाकर्षण गराउन चाहिरहेको तर कहिले पनि सरकारले ध्यान नगरेको विषय फेरि आज म दोहोर्‍याएर भन्न चाहन्छु। भूगर्भिक हलचलका कारण सबभन्दा पछि विकसित भूसतहमा नेपाल भूमि रहेको यथार्थ थाहा भइसकेको छ। तर यो सत्यलाई आत्मसाथ नगर्ने नेतृत्वको कारण त्यहाँ रहने मानवजातिले धेरै पीडा भोग्नु परिरहेको छ। यहाँको माटो त्यही कारण सबभन्दा पछि विकसित भएको हो। तुलनात्मक रुपमा यहाँको माटो नजमेको अत्यन्त खुकुलो अवस्थामा छ।

यहाँका पहाडहरू त्यस्तै खुकुलो माटोले बनेका छन्। ससाना चट्टानका टुकुडाहरू माटोमा टाँसिनै सकेका छैनन्। यस्तो अवस्थामा रहेको भूमिमा खन्ने, खोस्रिने, पहाडको भित्ता काट्ने कामले केही समय ठिकै देखिए पनि त्यहाँ केही कालपछि पहिरो जानेर कतिपय क्षेत्रमा निरन्तर पहिरो गइरहने अवस्था हामीले देख्ने गरेका छौं। यस्तो भूसतहमा रहेको नेपालका निम्ति निर्माण र पुनर्निर्माणका निम्ति लाग्नुपर्दा उपरोक्त अवस्थितिलाई एक सेकेन्ड पनि बिर्सन हुन्न। नेपालको अर्को विशिष्ट अवस्था पनि छ। जसलाई हामीले नजरन्दाज गर्न कहिल्यै मिल्दैन। नेपाल दक्षिणमा रहेको ढकन प्लेट र उत्तरतिर रहेको टिबेटन प्लेटका बीच हुने निरन्तर टक्करका कारण आजभन्दा करिब ६ करोड र ३ करोड वर्षका बीचमा त्यति सागरबाट बाहिर प्रकट भएको हो। हिमालय पर्वतमाला ६ करोड वर्ष र शिवालिक चुरे पर्वतमाला करिब ३ करोड वर्ष पहिले सागरबाट बाहिर निस्केका हुन्। देशको मध्य पहाडी श्रृङ्खला ३/४ करोड वर्ष पहिले हिमालय पर्वतमालाको काखमा विकसित भएको हो। उपरोक्त डेकन प्लेट र टिबेटेन प्लेट निरन्तर टक्करको अवस्थामा रहेका छन्। त्यसबाट वेब शक्ति पनि निरन्तर प्रकट भएर संग्रहित भइरहेको छ। त्यो भूगर्भतिर जान सक्दैन, भूसतहतिर नै प्रकट हुनुपर्दछ। तुलनात्मकरुपमा भूसतहको कमजोर स्थानलाई धकेलेर बाहिर आउँदा हामीले भूकम्पको नाम दिने गरेका छौं नेपाल भूकम्पको केन्द्रभागमा रहेको छ। नेपालमा हरेक २४ घण्टामा एकपटक कुनै न कुनै भूकम्पीय धक्का प्रकट हुने गरेको छ। सम्माननीय अध्यक्ष महोदय, उपरोक्त अवस्थालाई खासगरी विकास र निर्माणको कामलाई अगाडि बढाउँदा नेपालले कुनै प्रकारको नजरअन्दाज गर्न मिल्दैन। तर नेपालको यो भौगर्भिक संवेदनशिलतालाई आधार र अगाडिका कुनै पनि शासकले ख्याल गरेनन्, वास्ता गरेनन्। नेपालका जति पनि उत्तर दक्षिणका र कतिपय पूर्व पश्चिममा जाने सडकहरू नदी किनारको भूभागमा बनाइएको छ। यसरी सडक बनाउँदा निरन्तर भूकम्प धक्काले भूकम्पीय धक्काले जम्न नपाएको माटो र गिट्टी सहितको पहाडका पाखाहरु काटिएका छन्। त्यस्ता सडकहरुमा गाडी दगुराउँदा त्यसको शक्तिको आधा भागले त्यही पहाडको खुकुलो भएको पाखोलाई अरु बढी धक्का दिएर कमजोर बनाइरहेको छ। त्यस्ता पहाडहरूमा जम्मा भएको शक्ति बाहिर निस्कन प्राकृतिक अवस्थामा नै अनिवार्य हुन्छ। त्यही शक्ति बाहिर निस्कँदा पहिरो जान्छ यी सबै अवस्थालाई ख्याल नगरी बनाइएका यी सडक संरचनाहरूले प्रतिवर्ष हजारौं जनताको ज्यान लिइरहेका छन्। यी सबै सडक नामका संरचनाहरूको ज्यानमारा नामाकरण भएको छ। यसलाई अन्यथा लिन पर्दैन यी सबै सडकहरु साँच्चिकै ज्यानमारा सडक नै हुन्। सम्माननीय अध्यक्षज्यू, म यो सदनको सदस्य भएर आएदेखि नै कुनै न कुनै रुपमा यी ज्यानमारा संरचनाको तात्कालिक र दीर्घकालिक विकल्पहरू सरकारलाई सुझावको रुपमा दिने गरेको छु। तर सरकारले सुन्दै सुनेन। अथवा भनौ सुन्न चाहेन। किन चाहेन मलाई थाहा छैन। मैले सरकारको

यो रवैया आफ्नो अपमान महसुस गरेको छु। सरकारले सुनोस् या नसुनोस्। अहिले पनि म केही सुझाव दिन गइरहेको छु। म भन्न चाहिरहेको छु। सुझाव नम्बर १. ज्यानमारा सडक बन्द गरेर वैज्ञानिक रुपमा विकसित Sky way जति सक्यो चाँडो स्थापना गरियोस्। सुझाव नम्बर २. तुरुन्तै राजमार्ग प्रहरी प्रष्ट निर्माण गरी राष्ट्रव्यापी रुपमा सञ्चालन गरियोस्। नम्बर ३ (......समय सकिएको।)

(१४:१४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा। समय ६ मिनेट। यसपछि माननीय सदस्य उर्मिला अर्याल।

(१४:१४ बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले म सरकारलाई केही प्रश्न गर्न राख्न गइराखेको छु। तत्कालीन सरकारले नेपाललाई अन्धकार बनाई प्रतिदिन १८ घण्टा लोडसेडिङको अन्त्य गर्ने एक कुशल कर्मचारीलाई कति पटक विना कारण स्पष्टीकरण सोधिरहने? तपाईंहरुले अबौं घाटामा पुऱ्याएको विद्युत् प्राधिकरणलाई उक्त घाटा असुल गरेर वार्षिक अबौं नाफामा पुऱ्याएर उच्च शिर बनाउन सफल उज्यालो नेपालका अभियन्ता ९९% जनतामा विद्युत् पुऱ्याउने एक बहादुर र लगनशील कर्मचारीलाई कति पटकसम्म धोका र हैरानी पार्ने? देशलाई अन्धकारमुक्त गरेर विदेशमा समेत विद्युत् निर्यात गर्न सक्ने र विदेशी मुद्रा आर्जन गरेर देशको मुहार फेर्न व्यस्त क्षमतावान् कर्मचारीलाई धन्यवाद दिने र कौशलता सिक्नुपर्ने र शिक्षा लिनुपर्ने हैन र? कतै देश उकास्ने भन्दा देशलाई डुबाउन उद्यत दलाली र कमिशनखोरी सपना सिद्धि नहुनुको बदलाभाव त हैन? म सरकारलाई खबरदारी गर्न चाहन्छु। कि सीप, कला, क्षमता र कौशलताका धनी लगनशील कर्मचारीलाई निरुत्साहित गर्न बन्द गर्नुस्। एउटा कर्मचारीसँग चलखेल सिद्धि नहुँदा झोकको दैनिक रात दिन बर्बराउनु भन्दा आफै राजीनामा गरेर कर्मतिर लाग्न म अनुरोध गर्न चाहन्छु। अध्यक्ष महोदय, २ दलको दुइतिहाई नामको सरकार यतिखेर निरंकुश र तानाशाहीपन किन ओकलिरहेको छ? अब त पत्रकारले सरकारसँग प्रश्न सोध्न पनि नपाउने भएछ। या त यो सरकारको चाकरीको प्रश्न सोध्नुपर्ने। नत्र जनताको प्रश्नहरु यो सरकारसँग सोध्नै नपाउने? पत्रकारहरुलाई संसद भवन प्रवेश निषेध किन? सरकारले जनताको आवाजलाई निषेध गर्ने यो भन्दा निरङ्कुशता अरु के हुनसक्छ? यो रवैयाले बेथिति, अराजकता, कुशासन र तानाशाहीपनको उजागर गर्दैन र? जनताका आवाजलाई थुन्न खोज्दा स्वतन्त्र

पेशालाई नियन्त्रण गर्न खोज्दा मानव अधिकार तथा सूचनाको हकलाई कैद गर्न खोज्दा विश्वका निरंकुश तानाशाहहरुको हविगत देखिएकै छ नि। खबरदार पत्रकारमाथि पत्रकारितामाथि बन्देज लगाउने कुचेष्टा नगरियोस् अध्यक्ष महोदय। अमेरिकाले हाम्रो देशलाई ठग र हामीलाई ठग नेपाली घोषणा गरिसकेको छ। यस अपमानले अपहेलनाको आज देशले शिर निहुऱ्याइरहनुपरेको छ। हामी नेपालीको अनुहारमा कालो पोतिएको छ। म सरकारलाई सोध्न चाहन्छु- हाम्रो देश र हामी नेपालीको नाम बेचेर फोटाहरु बेचेर हाम्रो शिर निहुराउने व्यक्ति को को हुन्? राष्ट्रका ती खेल खेल्ने संस्थाहरु को को हुन्? यस्ता ठगी धन्दा संचालन गर्नेहरुको नाम लिस्ट बाहिरियोस्। नीति निर्माण गर्ने सरकारदेखि नेपाल राष्ट्र बैंक जिम्मेवार हुनुपर्छ। नीति निर्माणमा ठगी गर्नेहरु नै देशका मुख्य दुश्मन हुन्। छानबिन गरी कारवाहीको दायरामा ल्याउन माग गर्दछु अध्यक्ष महोदय। गभर्नर बन्न १ अर्बको खेल भन्ने खबर बजारमा गाउँमा छताछुल्ल छ। नीतिगत व्यवस्था गर्ने मुख्य निकाय नेपाल राष्ट्र बैंक हो। यसले गर्ने एउटा मात्र निर्णयले देश डुबाउन पनि सक्छ। र देशलाई उकास्न पनि सक्छ। कालो धनलाई सेतो बनाउन दलाल बिचौलियाहरु उत्साहित भएका छन्। किनकी आफ्नो गभर्नर पनि ल्याउने र उनको इच्छा अनुसार अध्यादेश पनि पास भइसकेको हुनाले। राज्यको अर्बौं लगानी भइसकेको मुआब्जा समेत वितरण भइसकेको सरकारी योजना कूल लागत ४ खर्ब ६० अर्ब रहेको १९०२ मेगावाट क्षमताको मुगु, कर्णाली जलविद्युत आयोजना चौधरी ग्रुपलाई दिन र ९३ अर्ब ८० करोड लागतको ४४५ मेगावाट क्षमताको किमाथाङ्का जलविद्युत आयोजना शर्मा कम्पनीलाई दिन सेटिङमै रातारात कार्यविधि चेन्ज बनाइयो। के यो नीतिगत भ्रष्टाचार होइन र? यो नीतिगत भ्रष्टाचारलाई कारवाही कहिले हुन्छ सरकार? अध्यक्ष महोदय, गरिबी निवारण कोषको करोडौं रकम CG Group ले ह्वाम पारेको खबर बाहिरिएको पुरानो भएको छैन। आज ह्वाम नपार्नेलाई कारवाही गर्ने, स्पष्टीकरण सोध्ने र नेपाल सरकारले ह्वाम पार्नेलाई कारवाही गरियो त सरकार? हिम्मत भए समातेर कारवाही गर भन्ने खबरबाट सरकार सुसूचित नै छ। एक जना सत्ता पक्षकै प्रतिनिधिसभा सदस्यज्यूका १० वटा राहदानी रे। उनका छोराका ३ वटा राहदानी रे। एक पार्टीका अध्यक्ष र अर्को पार्टीका सांसदज्यूका ५ वटा राहदानी रे। के यो वैध हो? यदि अवैध हो भने यस्ता सांसदहरुलाई कारवाही कहिले हुन्छ सरकार? डोल्पास्थित जगदुल्ला जलनशययुक्त आयोजनाको ठेक्का दिने शर्तमा दिनदहाडै मन्त्रालयभित्र चेक बाँडिएका छन्। घुस बाँडिएको छ। त्यस्तो व्यक्तिलाई भ्रष्टलाई कारवाही कहिले हुन्छ सरकार? सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१४:२० बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य उर्मिला अर्याल। समय ६ मिनेट। यसपछि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१४:२१ बजे) **माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, भोलि ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भ सम्झिँदै गर्दा सन् १९११ को श्रमिक महिलाहरुको आन्दोलनको क्रममा जर्मन अभियन्ता Clara Zetkin ले अन्तर्राष्ट्रिय महिला दिवस मनाउने प्रस्ताव राखिन्। र USA र Europe मा मे दिवसको सन्दर्भमा उनको प्रस्ताव पारित भयो। र UNO ले पनि त्यसलाई १९७५ मा घोषणा गऱ्यो Officially र ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउने भनेर। विश्वभरिको महिलाहरुको ऐक्यबद्धताको महत्वपूर्ण कडीको रुपमा रहेको यो दिन स्थापित भएको छ। र यो दिनले विश्वभरिको महिलाहरुमा उत्पीडन र विभिन्न किसिमको चाहिँ अत्याचार, दुराचार जे जे भइरहेको छ भेदभाव त्यसको अन्त्य गर्ने एउटा कडीको रुपमा सँधै यसलाई स्मरण गर्दै एउटा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार महिला, पुरुषहरुको बीचको समान अधिकार र अझै उत्पीडित समुदायका महिला यहाँ हामी सुनिराखेका छौं- बलात्कारको घटना, एउटा गरिबको छोरीमाथि हुने भयो भने तल्लो समुदायको भयो भने सीमान्तकृत समुदायको भयो भने त्यसलाई केही मानेमा माने राखिँदैन। त्यो हिसाबले चाहिँ अझै पनि वन जङ्गल जाँदे, पानी पँधेरामा जाँदा बलात्कारका घटनाहरु अब अस्ति भर्खरै मात्रै रिङ्कु सदाको त बाहिर शौचमा जाँदा खेरि बलात्कार गरेर ३/३ जनाको सामुहिक बलात्कार। त्यहाँबाट हाम्रो मधेशमा एउटा चलन छ पञ्चायती भन्ने। यो पञ्चायती भन्ने कहीं भयो भने त्यसलाई तुरुन्तै पञ्चायतीमा बस्ने सबैलाई थुनामा राख्नुपर्ने एउटा रुलिङ होस् यहाँबाट। यो गैर संवैधानिक छ। यो गैर तरिका छ। त्यहाँ पैसाको लेनदेन गराउने। उसको मर्म, उसको भावना स्वाभिमानलाई चाहिँ दण्डित गर्ने र उसलाई चाहिँ सँधैभरि समाजमा उठ्न नसक्ने गरी शिर निहुऱ्याएर त्यो महिला दबेर बस्नुपर्ने र अरुको पनि हिंसामा पर्न सक्ने सम्भावनाहरु हुनाले यस सम्बन्धमा चाहिँ कडा कारवाही हुनुपर्छ भन्ने राख्छु र यस सन्दर्भलाई सम्झँदै जाँदा अहिले हामी धेरै कुरो चाहिँ हामी पनि त्यो अन्तर्राष्ट्रिय प्रतिबद्धतामा चाहिँ सामेल छौं। ८ मार्चलाई हामीले अन्तर्राष्ट्रिय नारी दिवसको रुपमा अथवा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउँदै आएका छौं। तर व्यवहारमा हामी खाली मनाउने मात्रै गर्छौं। व्यवहारमा साँच्चिकै के हामीले महिलाहरुलाई त्यो व्यवहारको रुपमा परिणत गर्न सकेका छौं कि छैनौं? यदि हामी श्रमिक महिला दिवस अथवा अन्तर्राष्ट्रिय नारी दिवस जे भन्छौं त्यो नारी दिवसको सन्दर्भ भनेको त्यसलाई एउटा अभियानको रुपमा महिलाहरुको हक, अधिकारलाई

स्थापित गर्ने दिनको रुपमा अभियान चलाउने अभियन्ताहरुको आवाजलाई सरकारले सुनेर र त्यसलाई चाहिँ आत्मसात् गर्दै एउटा महिला, पुरुषबिचको एउटा जुन विभेदहरु छ त्यो विभेदहरुलाई अन्त्य गर्दै जाने र त्यसप्रतिको एउटा अन्तर्राष्ट्रिय प्रतिवबद्धता भइसकेपछि त कुनै पनि देशको कर्तव्य हुन्छ। अहिले यहाँ अघि पनि चर्चा भइसकेको स्वास्थ्य सचिवको रुपमा प्रमोसनको एउटा अवसर पाएको त्यो पनि मधेशी महिला डा. संगीता कौशल मिश्रलाई उहाँ सिनियर हुँदाहुँदै उहाँलाई छाँटेर अर्कोलाई राख्ने कुरा भयो। कति हास्यास्पद छ। हिँजो हामी सबै आन्दोलनमा वाचा गरेका महिला पुरुष हैनौं? किन हामी पूरा गर्दैनौं यस्ता चीजहरु? कहिलेसम्म देशको शिर लज्जित बनाइराख्ने हामीले महिलाहरुको सन्दर्भमा? र कहिलेसम्म महिलाहरु लडिराख्नुपर्ने? हैन अल्पसंख्यकहरु लडिराख्नुपर्ने, सीमान्तकृतहरु लडिरहनुपर्ने। महिला, दलित र चाहिँ सीमान्तकृत समुदायलाई कहिलेसम्म चाहिँ अवहेलना गर्ने र दुर्व्यवहार गर्ने र जहिले पनि विभेद गर्ने चाहिँ चीजलाई कहिले हामीले निर्मूल गर्न सक्छौं। शिर निहुर्‍याउनुपर्छ अहिलेको सरकारले। वरिष्ठता हुँदा हुँदै उनलाई नदिएर उनलाई नदिएर अर्कोलाई किन दियो? म प्रश्न राख्न चाहन्छु। के सरकार महिला विरोधी हो? यहाँ महिला समानता स्थापित गर्न चाहँदैन? त्यसकारणले हामी हरेक वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउँछौं। त्यो पनि अन्तर्राष्ट्रिय रुपले त्यसलाई एउटा बाध्यकारी बनाएको हुनाले। हामी महिलाहरु त्यसप्रति प्रतिबद्ध छौं। तर यो देशको सरकार यो देशले त्यहाँ प्रतिबद्धता जनाइसकेपछि त्यसलाई पुरा गर्नुपर्छ कि पर्दैन? यो हिसाबको एउटा उदाहरण पात्र मात्रै हुन्। रिङ्कु सदाको मोलमोलाई हुन्छ। महिलाप्रति भएको व्यभिचारको चाहिँ मोलमोलाई हुन्छ। हामी के के लडाईं लडेर आयौं। बहुदलको लागि लड्यौं। गणतन्त्रको लागि लड्यौं। संघीयताको लागि लड्यौं। महिला अधिकारको लागि लड्यौं। दलित अधिकारको लागि लड्यौं। व्यवहारमा हामी कहाँ छौं? हामी यो अन्तर्राष्ट्रिय प्रतिबद्धता भनेको हाम्रै देशको उन्नति र प्रगतिको लागि हो नि। अन्तर्राष्ट्रिय स्तरमा यो देशको छवि उठाउने र हामी सर्वश्रेष्ठ एउटा मानवअधिकारको पक्षमा चाहिँ गतिलो देश हौं भनेर सावित गरेर देखाउने एउटा प्रावधानहरु पनि छन्। अवसरहरु पनि छन्। त्यसलाई हामी लत्याएर सँधै निकृष्टै भएर बस्न चाहन्छौं? मैले यो नमिठो बोल्न चाहनु हुन्थेन। मलाई चाहना होइन। तर मूल्याङ्कनले त्यो देखाउँछ। त्यसकारणले म यो अवसरामा सम्पूर्ण नेपालका महिलाहरुलाई एकजुट भएर लाग्ने। हाम्रा यो पार्टी उ पार्टी भनेर हामी त्यो भन्दा माथि उठेर र खासगरी सीमान्तकृत समुदायका महिलाहरु हेर्नुस् त कतिवटा हत्याकाण्डहरु, बलात्कार काण्डहरु भए। निर्मला पन्तको भयो। अस्ति भर्खरै रिङ्कु सदाको झुण्डेर मर्नुपर्ने, जो दोषी बाँच्ने। पञ्चायती गर्ने त्यहाँका भद्रहरु, जान्ने सुन्नेहरु र उ चाहिँ झुण्डिएर मर्नुपर्ने। उनीहरु चाहिँ एकदम बाख्रो काटेर बस्ने मोजमस्ती गरेर बस्ने। यो खालको चाहिँ अब पञ्चायतकालदेखिकै हेर्दा खेरि चाहिँ सुनिता-

नमिता हत्याकाण्ड यस्ता काण्डमा पनि हामी (समय सकियो)...

(१४:२७ बजे) **मानननीय श्री बामदेव गौतम (मनोनित) :-** ......विषेश समयमा वोल्ने माननीय सदस्यको समय विभाजनको लिष्ट छ ।.......

(१४:२७ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यको हातमा पुरानो लिष्ट छ । पछि त्यहि दलले अर्को लिष्ट सच्याईएर समय घटाएर ४ जनाको नाम दिएको २५ मिनेट त्यो दललाई हो । त्यो २५ मिनेट भित्रै छ माननीय सदस्य । पहिलाको लिष्टमा दलले समय थोरै समय बोल्नु भएको छ । सच्याएको भन्दा पहिलाको परयो हातमा

(१४:२८ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य समय सिद्धियो। माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय १२ मिनेट। यसपछि माननीय सदस्य गङ्गा कुमारी बेलवासे।

(१४:२९ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्षज्यू, आज अन्तर्राष्ट्रिय नारी दिवस। ११५औं नारी दिवसको अवसरमा मैले १९७५ देखि महिला हक अधिकारका लागि आन्दोलन गर्दै आउनुभएका महान् नारीहरु दिव्यादेवी कोइराला, योगमाया आचार्य, २००३ साल, ००७ साल, ०४६ साल, ०६१/०६२ सालसम्म लड्ने मंगलादेवी सिंह, शैलजा आचार्य, नोना कोइराला लगायतका सम्पूर्ण महिला दिदीहरुलाई स्मरण गर्दै र सबै महिला दिदीबहिनीहरुलाई यस नारी दिवसको हार्दिक शुभकामना दिन चाहन्छु। र महिलाहरुको बारेमा जुन अन्तर्राष्ट्रिय प्रतिबद्धता पत्रमा हस्ताक्षर गरिएको छ। त्यो सरकारले कार्यान्वयन गरोस्। र संविधानले दिएको धारा ३८ को कार्यान्वयन गर्‍यो भने महिलाहरुले स्वत: आफ्नो अधिकार प्राप्त गर्नेछन् भन्ने कुरा सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई ध्यानाकर्षण गराउँदै हिंजो मात्र सरकारले सम्मानित सदनमा अध्यादेश पास गरेको छ। हामी सबैलाई बधाई छ। अब हाम्रो काँधमा थप जिम्मेवारी आएको छ। हामीले यी अध्यादेशलाई यो अध्यादेश र हाम्रा छलफल हुन बाँकी भएका अन्य अध्यादेशहरुमा गहन रुपमा छलफल गरेर हामीले तिनलाई नागरिकप्रति, राष्ट्रप्रति बफादारीका साथ ईमान्दारीता, बफादारीता, उत्तरदायित्व, जवाफदेहीताभित्र रहेर हामीले तिनीहरुलाई एउटा नीति नियम र कानुनमा ढाल्नेछौं। यसमा हामी

सबैजना लाग्नुपर्छ। सम्माननीय अध्यक्षज्यू, हामीहरु यहाँसम्म आइपुग्दा हामीहरुले हिँजो गरेका अनुभव, साथ सहयोगहरु हाम्रा मतदाताहरु स्थानीय सरकार र प्रदेश सरकारका सबै प्रकारका गतिविधिहरुलाई मनन र आत्मसात् गर्दै आफ्नो हिँजोको त्यो धरातलतिर फर्केर सबैप्रति संवेदनशील भएर सोँचौं। हाम्रो मुलुक र हाम्रा नागरिकहरुलाई कसरी समृद्ध गराउन सकिन्छ भन्ने बारेमा चिन्तन गरौं। प्रत्येक नागरिकलाई उत्पादनसँग जोड्नका लागि आर्थिक क्रान्ति गरौं। सबै साझा मुद्दा बनाएर नागरिकका आवाज बोलौं। सम्माननीय अध्यक्षज्यू, आज हामी नेतृत्वप्रति किन यति धेरै नागरिकहरुमा आक्रोश आएको छ। के हामीले साँच्चिकै काम नगरेर बसेका छौं त? अवश्य छैनौं। अवश्य पनि हामीले काम गरेका छौं। तर हाम्रो काम र हाम्रा क्रियाकलापहरुले नागरिकको भावनालाई कदर गर्न सकेनन् कि। समय सँगसँगै हाम्रा नीति, नियम र हामी परिवर्तन हुन सकेनौं कि। यो हामी सबैले मनन गर्नुपर्ने कुरा छ। यसै सन्दर्भमा हाम्रो शिक्षा नीति र पाठ्यक्रमलाई धेरै नै परिमार्जित गर्न जरुरी छ। किनकी हाम्रो शिक्षा सुलभ, सहज र रोजगारमूलक हुन जरुरी छ। आजको शिक्षा सैद्धान्तिक भन्दा पनि Practical तिर बढी केन्द्रित बनाउनुपर्दछ। आज हाम्रा बालबालिकाहरु ५ वर्षदेखि १० वर्ष समूहका बालबालिकाहरुलाई किताबको भारी मात्र बोकाएर बोझ बनाएका छौं। अब हामीले यो गर्नहुँदैन। उनीहरुलाई खेलौनाको माध्यमबाट घडी रेडियो, मोबाइल जस्ता विभिन्न सामग्रीहरु बनाउने र बिगार्ने फेरि बनाउने गरेर तिनीहरुलाई Practical मा ढालौं र यस्ता कुरामा उनीहरुलाई स्वतन्त्र छोडिदियौं भने उनीहरु सानैदेखि काममा ध्यान दिन्छन्। र दक्ष नागरिकका रुपमा उत्पादन हुन्छन्। यसै गरी SEE पास गरेपछि +2 अध्ययन गर्ने विद्यार्थीहरुलाई पनि हप्ताको कम्तीमा २ दिन काम गर्नैपर्ने नीति बनाइदियौं भने उनीहरुले आफ्नो पढाई खर्च आफै बनाउँछन्। र बाबु आमालाई पनि खर्चको बोझ कम हुन्छ भने अर्कोतिर कुलत र विकृतितिर जाँदैनन्। खाली दिमाग सैतानको घर भनेजस्तै जब हाम्रा क्याम्पस पढ्ने विद्यार्थीहरु घर छोडेर सहरमा आएर डेरामा बसेका हुन्छन्, कलेज जान्छन् अनि फर्किसकेपछि काम हुँदैन अनि त्यसपछि के गर्ने उनीहरु चाहिँ विकृति र कुलतमा फसिराखेका छन्। उनीहरुलाई हामीले Engage बनाउनुपर्छ। हाम्रो शिक्षा नीतिमा सानै कक्षादेखि नैतिक शिक्षा र व्यावसायिक शिक्षालाई अनिवार्य गराउनुपर्दछ। आज हाम्रा बालबालिका, किशोर किशोरी मात्र होइन सिंगो समाजमा नै नैतिकता र हाम्रो संस्कार, संस्कृति हराउँदै गइरहेको छ। अब यसलाई बनाउनुपर्दछ। आज जसका कारणले नेपालको हाम्रो भेषभूषा, भाषा, संस्कृति सबै लोप हुने अवस्थामा छ। यसप्रति हामीहरु सबै चिन्तित हुनु जरुरी छ। सम्माननीय अध्यक्षज्यू, ३ तहको भूगोल हिमाल, पहाड, तराई मिलेर बनेको संसारमा सबैभन्दा सुन्दर देश हो नेपाल। जहाँ लाखौं प्रजातिका बोट बिरुवा रुख जडिबुटीहरु पाइन्छन्। हजारौं प्रजातिका चराचुरुङ्गीहरु पाइन्छन्। संसारमा नपाउने सबै

कुरा यहाँ प्रकृतिले नै दिएको छ। हिमालको शिर, पहाडका श्रृङ्खलाहरु तराईका नदीनालाहरु खाद्यान्न फलफुल कन्दमूल सबै कुरा विना मेहनत प्राप्त गर्न सक्दछौं। तिनलाई हामी मेहनतविना प्राप्त गरेका छौं। तर तिनीहरुलाई संरक्षण, संवर्द्धन गर्न नसक्नु हाम्रो कमजोरीपन हो। सम्माननीय अध्यक्षज्यू, जसरी मृगले आफ्नो नाभीको कस्तुरी खोज्न भौंतारिए झैं भौतारिँदै भौतारिँदै डुलिराखेको हुन्छ। त्यसै गरेर हामी पनि हाम्रा सम्भावना, प्राकृतिक स्रोत र साधनको सही उपभोग गर्न नजानेर हाम्रा धेरै नागरिकलाई रोजगारका लागि वैदेशिक भूमिमा भौंतारिन बाध्य बनाएका छौं। अब हामी हाम्रो देश माटो प्रकृतिलाई बुझेर कामको थालनी गरौं। हाम्रा नागरिकलाई मात्र होइन विदेशी नागरिकलाई पनि हाम्रो देशमा रोजगार दिन सक्छौं। हाम्रो वनको नीति एआईका कारणले गर्दा नागरिकहरुलाई धेरै सास्ती छ। कुनै नागरिकहरुले साना, मझौला उद्योगधन्दाहरु खोल्नका लागि केही अगाडि बढ्यो भने उनीहरुलाई यो कागजी प्रक्रियाले गर्दा खेरि अत्यन्तै झन्झटिलो बनाएको छ। अनि त्यो गर्दा गर्दा उ थाक्छ। र काम गर्न नै उसले चाहिँ विश्राम लिन्छ। त्यसकारण उनीहरुलाई कसरी सहज वातावरण गराउन सकिन्छ? कसरी सुशासन दिन सकिन्छ? यसप्रति म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सुशासन र कानुनी राज्यको निर्माण गर्नुपर्दछ। जसका लागि सबैको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ। हामीले कानुनी राज्य बनायौं भने हामी कोही व्यक्तिको पछाडि पर्नुपर्दैन। कानुनले नै सबै कुरा गर्छ। सुशासन भयो भने हामी धेरै बोलिराखु पनि पर्दैन। सुशासनले नै धेरै काम गर्न सक्छ। त्यसैले गर्दा अब हामीले कानुनी राज्यको लागि पहल गरौं। हामी सबै लागेर हामीले सुशासनलाई कसरी राम्रो बनाउन सकिन्छ? कर्मचारीहरु, शिक्षकहरु उहाँहरुलाई पनि दक्ष बनाऔं। उहाँहरुका मागहरु अहिले शिक्षकहरुको पनि आन्दोलन छ। त्यो आन्दोलन के को लागि हो। हैन उहाँहरुका जायज मागलाई सरकारले सुन्नुपर्छ। र उहाँहरुलाई आफ्नो काममा फर्काउनुपर्छ। कर्मचारीहरुले पनि अहिले धेरै कुराहरु राखिराखेका छन्। उहाँहरुलाई पनि हामीले अब हामी विधायक हौं। हामीले चाहिँ एउटा नीति निर्माण गरेर उहाँहरुलाई एउटा सहज वातावरण बनाइदियौं भने हामीले सुशासन र कानुनी राज्य बनायौं भने हामीहरुले हाम्रो देशको विकास गर्न धेरे गाह्रो हुँदैन। संविधानमा लेखिएका मौलिक हक, अधिकारका सबै धाराहरुको हुबहु कार्यान्वयन गरे मात्रै सबै जातजाति, वर्ग, भूगोलको विकास र न्याय हुने हुँदा हामीले बनाएको हाम्रो संविधानलाई टेकेर हामी अगाडि बढौं। हामीले अहिले जुन महिला, दलित, जनजाति हाम्रा यी आवाजहरु आइराखेका छन्। हाम्रो त्यो कुरा संविधानमा लेखेको छ। हामीले संविधानलाई केहि संशोधन पनि गर्नुपर्छ भनेर हामीले भनेका छौं। तर धेरै कुराहरु संविधानमा राम्रा छन्। केही कुराहरु जुधेको हुँदा र १० वर्षसम्म हामीले अनुभव गर्दै आउँदा खेरि केही कुराहरु सम्बोधन गर्नुपर्ने हुन्छ। बाँकी कुराहरु जे संविधानमा लेखिएको छ

ती कुराहरुलाई टेकेर हामीले त्यो संविधानलाई कार्यान्वयन गऱ्यौं भने मात्रै हाम्रा सबै मागहरु पूरा हुन्छन्। हामीले संविधान त्यो नागरिकको संविधान हो। नागरिकले बनाएको संविधान। यही संविधानको लागि हजारौं शहीदहरुले बलिदान दिएका छन्। २००३ सालदेखि नागरिकको संविधान बनाउनुपर्छ भनेर महामानव विश्वेश्वर प्रसाद कोइरालाले उठाउनुभएको थियो। २०७२ सालमा आएर यो संविधान बनेको छ। यो संविधानलाई पनि हामीले नागरिकका आवाजहरु राखेका छौं। सबैलाई सम्बोधन गरेको छ। यो संविधानलाई कार्यान्वयन गर्नको लागि सरकार किन जाररुक हुँदैन? सरकारले संविधान कार्यान्वयनमा लाग्नको लागि मैले सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु। अनुरोध गर्न चाहन्छु। त्यस्तै गरेर यो केही महिना अगाडि सौर्य जहाज दुर्घटना भएको थियो- एयरपोर्टमा। त्यहाँ धेरै १३ जना जति व्यक्तिहरुको निधन भएको थियो। एकै घरको ३ जना परिवारको पनि त्यहाँ निधन भएको छ। र पीडितका परिवारहरुलाई केही राहत अहिलेसम्म मिलेको छैन भन्ने कुरा आएको छ। उहाँहरुलाई यो कसरी भयो यसमा खोज अनुसन्धान गरी पीडितका परिवारहरुलाई पनि राहत दिनको लागि म सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक अनुरोध गर्दै मैले मेरा कुराहरुलाई यहीं विश्राम लिन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१४:४१ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य गङ्गा कुमारी बेलवासे। समय ७ मिनेट। यसपछि माननीय सदस्य सुमित्रा बिसी।

(१४:४२ बजे) <u>माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यु, संगीता मिश्रा मन्त्रालयमा सिनियर हुँदाहुँदै किन सचिव हुन पाउनुभएन? उहाँ महिला भएकोले हो? उहाँ मधेशी भएकोले हो? मधेशको भएकोले हो? रोल क्रममा अगाडि आएका महिलाहरुलाई कसरी हटाइन्छ? कसरी निर्णायक ठाउँमा पुग्न दिइन्न भन्ने कुराको यो एउटा उदाहरण हो। सरकारले यस्तो निर्णय तुरुन्त सच्याओस्। र संगीता मिश्रालाई स्वास्थ्य सचिवमा तुरुन्त नियुक्त गरियोस् भन्ने कुरा म माग राख्न चाहन्छु। सरकारका मन्त्री र प्रधानमन्त्री गएको कार्यक्रममा जनता तर्साउने, कुट्ने, पदमा भए निलम्बन गर्ने काम गरिरहेको छ। सरकार के गर्न खोजिरहेको छ? कसको नेतृत्व गर्न खोजिराखेको छ? र देशलाई कस्तो बनाउन खोजिराखेको छ? म प्रश्न गर्न चाहन्छु। फुटबल म्याच हेर्न गएका सहभागी युवाहरुलाई कुटिराखेका भिडियोहरु हामीले देखिराखेका छौं। र जनप्रतिनिधिहरुको सभा बसिराखेको रिपोर्टिङ गर्नका लागि बाहिर आफ्नो क्यामेरा लिएर आफ्नो आवाज लिएर सोधपुछ

गर्ने हाम्रा पत्रकार साथीहरुलाई निलम्बन गरेको निष्कासन गरेको कुराहरु हामीले सुनेका छौं। यस्ता निर्णयहरु तुरुन्तै सच्याउनको लागि म माग गर्दछु। उदयपुर सिमेन्ट कारखाना र हेटौंडा सिमेन्ट कारखानामा सरकारले कारखानालाई तुरुन्त संचालन गर्नका लागि योजना बनाओस्। लगानी गरोस्। देशका र सरकारले संचालन गरेका उद्योगहरुलाई संचालन गर्नका लागि विभिन्न खालका बहानाबाजी गर्ने र विभिन्न खालको चाहिँ अध्यादेशहरु ल्याएर बिचौलियाहरु र काला बजारियाहरुका लागि उद्योगधन्दा खोल्नका लागि उद्यत हुने सरकारको यो रवैया तुरुन्त बन्द गरियोस् र त्यहाँ काम आफ्नो अवधि त्यहाँ सकेर अवकाश पाउनुभएका कर्मचारीहरुलाई उहाँहरुले पाउनुपर्ने अनुदानहरु तुरुन्त दिइयोस्। त्यहाँ कार्यरत भएका कर्मचारीहरुलाई काममा जोडियोस् र कारखाना तुरुन्त संचालन गरियोस्। सरकारले उद्योग संचालन गरोस्। नियमित कर्मचारीहरुलाई तलब देओस् र अनुदान दिनुपर्ने कर्मचारीलाई अनुदान देओस् भन्ने कुराहरु म राख्न चाहन्छु। यस्तै गरेर सम्माननीय अध्यक्षज्यू हामी अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भोलि ८ मार्चको दिन हामी संसारभरि मनाइरहेका छौं। सम्पूर्ण मानव जातिमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको शुभकामना व्यक्त गर्दछु। यो दिवसले सबै मानवको दिल, दिमागमा र व्यवहारमा महिला समानता, महिला सशक्तीकरण र महिलामा लगानी गर्ने बानीको विकास होस् भन्ने आशा एवम् विश्वास गर्दछु। महिला मुक्ति आन्दोलनको एकता, संघर्ष र मुक्तिको प्रतीकको रुपमा ८ मार्च अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कोपन्हेगनमा भएको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले हरेक वर्ष संसारभर मनाउने निर्णय गर्‍यो र हामीले मनाइरहेका छौं। जति बेला निरङ्कुश शासन व्यवस्था थियो। महिला मुक्तिको दिवस मनाउने ठाउँमा धरपकड हुन्थ्यो। त्यहाँ धरपकड भएका महिलाहरुलाई मुद्दा लगाइन्थ्यो। बोल्न दिइँदैनथ्यो।र विभिन्न खालका मुद्दाहरु झेल्दै हामी संघर्ष गर्दै महिला मुक्तिको बाटोमा अगाडि बढेर यहाँसम्म आएका छौं। यसपटक अन्तर्राष्ट्रिय महिला दिवसको नारा छ- "लैङ्गिक समानताको लागि गति बढाऔं।" महिला समानताको लागि गति बढाउनका लागि हामीले पनि धेरै कामहरु गर्नुपर्छ र अन्तर्राष्ट्रिय सम्मेलनहरुले विकास, अवसर, क्षमता सबैको निगरानी, समिक्षा मुल्याङ्कन गरिराखेको छ र भनिरहेको छ- महिला समानताको आजको गतिले अगाडि बढ्दा हामीलाई थप १३४ वर्ष लाग्नेछ- समानताको लागि १३४ वर्ष लाग्नेछ। त्यसैले अब हामीले गति बढाउनपर्‍यो। यहि गतिले हामी हिंड्यौ भने १३४ वर्ष लाग्छ अर्थात् आजको गतिमा हिंड्यौ भने सन् २१५८ सम्म मात्रै हामी त्यो समानताको गतिमा पुग्नेछौं भन्ने निश्कर्ष निकालेको छ। र हाम्रो देशले के मा लगानी गर्ने हो? कसरी गति बढाउने हो? समय बढाउनुपर्‍यो। क्षमता बढाउनुपर्‍यो। आर्थिक लगानी बढाउनुपर्‍यो। अवसर बढाउनुपर्‍यो र मात्र गति बढ्छ होला भन्ने मलाई लागेको छ। संविधानमा व्यवस्था भएका महिला अधिकार र

समानताका एजेण्डाहरुमा लागु गर्नका लागि महिला अधिकार दशक घोषणा गरेर योजना बनाउनपर्छ होला। योजनाबद्ध तरिकाले काम गरेर मात्रै हामी समय र सबै कुराहरुको गति बढाउन सक्छौं होला। र राष्ट्रिय सभामा निर्माण गर्नका लागि महिला समिति जुन निर्माण गर्ने भनिएको छ त्यसलाई अर्को बैठकमा हामीले निर्माण गर्नुपर्छ होला र यसको लागि अध्यक्षले रुलिङ गर्नुपर्छ होला। विभिन्न महिला संगठनहरुले आ-आफ्नो अभियानहरु संचालन गर्नुपर्छ होला। र महिला अधिकारको क्षेत्रमा काम गर्नेहरुले महिलाहरुको सबै क्षमता विकासको लागि गति बढाउनुपर्छ होला। र महिला अधिकार दिन सबै जनसमुदायहरुको अधिकार महिला अधिकार जब सुनिश्चित हुन्छ तब सबै जन समुदायहरुको अधिकार पनि सुनिश्चित हुन्छ भन्ने कुराहरु म राख्न चाहन्छु। र जब महिला मुक्ति हुन्छ हाम्रो सिंगो परिवारको मुक्ति हुन्छ। र हामी सबै मानवहरुको मुक्ति हुन्छ। त्यहाँ महिलाको मात्रै मुक्ति महिलाको मात्रै अधिकार महिलाको मात्रै क्षमता होइन सिंगो परिवारको क्षमता विकास हुन्छ समाजको क्षमता विकास हुन्छ राष्ट्रको क्षमता विकास हुन्छ र हामी अन्तर्राष्ट्रिय स्तरमा हाम्रो क्षमता विकास गर्छौं समानता प्राप्त गर्छौं र हामी सबै उन्नत हुन्छौं र हाम्रो विकास हुन्छ भन्ने कुराहरु राख्दै मैले आफ्नो भनाईलाई यहीँ अन्त्य गर्छु। हस त धन्यवाद।

(१४:४९ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य सुमित्रा बि.सी.। समय १५ मिनेट।

(१४:४९ बजे) <u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज महोदय, भोलि ८ मार्च, समान कामको समान ज्याला। योग्यता अनुसारको काम, काम अनुसारको दाम भन्ने उदघोषको साथ विश्वका श्रमिक महिलाहरु एक होऔं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सफल पारौं भन्दै आएको आज ११५ वर्ष भएछ र नेपालमा मनाउन लागेको पनि ७२औं देखि हो। र ४३ वर्ष नेपालमा पनि मनाउने गर्छौं। र Clara Zetkin ले अगुवाई गरेर श्रमिकहरुको बारेमा आवाज उठाउँदै आएको संगठन नेपालमा पनि थुप्रै अग्रजहरुले आवाज उठाउँदै आउँदा खेरि आजको यो अवस्था आएको छ। र यो आजको दिनले हामी सबैलाई एकताबद्धमा बाँध्न सहयोग पुऱ्याओस् भन्ने म शुभकामना दिन चाहन्छु। संविधानमा भएका अधिकारहरुलाई कार्यान्वयन गर्ने र आगामी बाँकी अधिकारहरुको लागि एकजुट हुनका निम्ति सफलता हामी सबैलाई मिलोस् भन्ने म शुभकामना दिन चाहन्छु। र म अब आफ्नो विषयप्रति जान चाहन्छु। अध्यक्ष महोदय, निजामती अस्पतालका कर्मचारीहरु आन्दोलनमा हुनुहुन्छ।

२०६५ सालमा स्थापना भएको निजामती कर्मचारीहरु त्यतिबेलादेखि नै ज्यालादारीमा काम गरिरहनुभएको छ। जहाँका २६० जना Staff Nurse हरुमध्ये १४० जना Staff Nurse हरु अहिले पनि दैनिक ज्यालादारीमा हुनुहुन्छ। त्यस्तै गरेर अन्य पदहरुमा अस्थायी कर्मचारीहरु चिकित्सक, ल्याब, फार्मेसी, रेडियोलोजी लगायतका अन्य कर्मचारीहरु समेत दैनिक ज्यालादारीमा लामो समयसम्म काम गरिरहनुभएको छ। र यो जुन निजामती अस्पताल प्रशासनले कुनै पनि विदाहरु नदिने र सुत्केरी बिदासम्म चाडपर्व बिदा सुत्केरी बिदा बिरामी हप्ताको बिदा लगायतका बिदाहरु नदिने र सुत्केरी बिदालाई लामो बिदामा जोडेर सुत्केरी भएको बेलामा जागिरबाट निश्कासन गर्ने कुराहरु गुनासो कर्मचारीहरुको आएको छ। अस्पताल बोर्डले नियमावली बनाएर पारित गरेर लोकसेवा आयोग परीक्षा दिनका लागि एकपटकमा परीक्षा दिनका लागि जति वर्ष जागिर खाएको भए पनि जति पुरानो भए पनि फेल भएपछि जागिरबाट निश्कासन गर्ने भन्ने उहाँहरुको नियमावलीमा अहिले विनियमावली बनाएर पास गर्नुभएछ। नेपाल सरकारको मान्यता सामान्य प्रशासन मन्त्रालयको यसमा ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु। र नेपालको संविधान मौलिक हक अन्तर्गतको धारा ३४ को श्रमिक हक १,२,३ सम्बन्धमा सम्बन्धित निकायको ध्यान जाओस् भन्न म चाहन्छु।र त्यहाँका पीडित कर्मचारीहरुलाई सामाजिक सुरक्षा भत्ता लगायत अन्य भत्ताहरु उपलब्ध गराउन प्रजनन तथा सुत्केरी बिदा उपलब्ध गराई संविधानको मौलिक हकलाई पालना गर्न सुत्केरीको नाममा जागिर खोसिएकालाई तत्काल जागिर बहाली गर्न एकपटकका लागि आन्तरिक परिक्षा लिएर प्रक्रिया मिलाई रोजगारीको सुनिश्चित गर्न र अन्य कर्मचारीहरुले पाउने विभिन्न अनुसारको सबै बिदा उपलब्ध गराउन अन्य संस्थाहरुमा जस्तो यस निजामती अस्पतालमा शुरुमा नियुक्ति शैक्षिक योग्यता अनुसारको नभएको हुँदा अन्य संस्था भए जस्तो गर्नुपर्ने र सम्बन्धित मन्त्रालयले सम्बन्धित संस्थाको ध्यानाकर्षण गर्न चाहन्छु। र यस्तै गरेर म एकछिन लुम्बिनी प्रदेशको बाँके जिल्ला नेपालगञ्जतर्फ जान चाहन्छु। र त्यहाँ यो नेपालगञ्ज मेडिकल कलेज छ। त्यहाँका कर्मचारीहरु जुन ०५४ सालमा मेडिकल कलेज खुल्यो। र ०५४ सालमा १५ बेडबाट शुरु गरिएको जुन चाहिँ हस्पिटल छ नर्सिङ होम छ त्यो चाहिँ कोहलपुर, चिसापानी र नेपालगञ्ज गरेर अहिले ५०० बेड सम्म पुगिसकेको छ र त्यहाँ चाहिँ क्यारे ४०० कर्मचारीहरु कार्यरत छन्। विभिन्न तह र तप्कामा भएका २७ वर्ष अवधि पुगिसकेका कर्मचारीहरु आज त्यो मेडिकल कलेज र संजिवनी भन्ने संस्था गाभेर त्यहाँका कर्मचारीहरुलाई जागिरबाट सरुवा गर्ने, निष्कासन गर्ने र अनि त्यहाँ चाहिँ जबर्जस्ती राजीनामा दिन लगाउने र मानसिक तनावहरु दिने गरिरहेकोले मलाई त्यो स्वास्थ्य मन्त्रालयको त्यतातिर ध्यान जानको निम्ति म अनुरोध गर्न चाहन्छु। मलाई विश्वास छ- यो सरकार सम्पूर्ण तह र तप्काका जनताहरुको सरकार भएको कारणले चाहे ती कर्मचारी हुन्। चाहे ती श्रमिक हुन् ती

सबै वर्गहरुको नेतृत्व गर्ने सरकार भएको कारणले मलाई विश्वास छ यो निजामती हस्पिटल, बानेश्वरको हाम्रो यहाँको निजामती हस्पिटल र कोहलपुरको नेपालगञ्ज मेडिकल कलेजको कर्मचारीहरुको समस्या समाधान गर्न यो सरकार लाग्नेछ। मलाई अस्ति मात्रै स्वास्थ्य मन्त्रीज्यूले भनेको मैले सुनेथैं। र यो भन्दा पहिला मैले देशभरिको स्टाफ नर्सहरुको बारेमा पनि बोलेथैं। र उहाँहरुको व्यक्तिगत वृत्ति विकास र सेवा सुविधाका बारेमा पनि आवाज उठाइएको थियो। र ती मान्छेहरु उहाँहरु पीडित भएको कारणले गर्दा खेरि गुनासोहरु गर्नुभएकोले यो आवाज उठाइरहेका छौं। र उहाँहरुको समस्या समाधान गर्नका निम्ति अस्ति स्वास्थ्य मन्त्रीले नर्स र डाक्टरको तलब वृद्धि गर्नेछौं भनेर भनिसक्नुभएको छ। यो भनाई र यो निर्णयको म स्वागत पनि गर्न चाहन्छु। र यो सरकार विभिन्न तह र तप्काका जनताहरुको भएको कारणले यी समस्याहरु समाधान हुनेछन् भन्ने म पूर्ण विश्वास गर्न चाहन्छु। यो जुन खालको मेडिकल कलेजको कुरा छ अहिले यसमा हस्पिटल बनाउने कुरा त्यो हस्पिटल बनाउनका निम्ति कानुनी प्रोसेस पनि मिल्दैन र त्यतिबेलाको यो संस्थाको नियमावलीले पनि नदिने र श्रम ऐनले पनि नदिने भएको कारणले यी सबै कुराहरुलाई ख्याल गरेर ०५४ सालमा स्थापना भएर त्यति शुरुदेखि काम गरेर आफ्नो मेहनत, परिश्रम त्यहाँ चाहिँ डुबाइसकेका कर्मचारीहरुको चाहिँ रोजगारीको सुरक्षा गर्नका निम्ति र न्याय दिलाउनका निम्ति यो सरकारको ध्यान जानेछ। र उहाँहरुको जुन पीडित कर्मचारीहरुको रोजगारीको सुनिश्चितता हुनेछ भनेर म भन्न चाहन्छु। र यो जुन सुनसरीमा चाँदनी चौधरीको हत्या भएको छ। चाँदनी चौधरीको रहस्यमय हत्या भएकोले यसमा के भएको हो? यसको निश्चित छानबिन गरेर यसलाई चाहिँ क्यारे न्यायोचित ढङ्गले छानबिन होस् भन्ने म माग पनि गर्न चाहन्छु। र मैले आज खास जोड दिएर गर्न खोजेको कुराहरु नेपालगञ्ज मेडिकल कलेजका कर्मचारीहरुको जुन कानुनी कुरा पनि पुऱ्याउनुपर्नेछ। ट्रेड युनियन ऐन अनुसार पनि यो चाहिँ मिलेको छैन। श्रम ऐन अनुसार पनि मिलेको छैन। र नियमावली २०७७ र सेवा ऐन २०७५ सम्बन्धी मापदण्डहरु पनि पुरा नगरेकोले शिक्षा ऐन, कम्पनी ऐन बमोजिम प्रक्रिया पुरा नगराई अस्पतालमा सञ्जीवनी कलेज अफ मेडिकल साइन्सको बोर्ड टाँसिएकोले यो बोर्ड किन दर्ता नगरीकन टाँसिएको छ। अस्ति सुन्नमा आएको थियो- सिडिओले बोर्ड हटाउनुपर्छ भनेर तैपनि बोर्ड हटेको छैन र कर्मचारीहरुलाई यातना दिने र मानसिक यातना जबर्जस्ती रोजगारीबाट निष्कासन गर्ने यातना लगायतका यातना दिने गरिरहेकोले यो कानुन विपरित छ भन्ने कुरो त्यहाँका कर्मचारीहरुको छ। यो कुरो यो सरकारले सुन्नेछ। त्यसकारणले यसको लागि न्यायोचित निर्णय हुनेछ भन्ने भरोसा गर्दै जुन यो Clara Zetkin ले उठाउनुभएका आवाजहरु चाहिँ हामी नेपाली महिलाहरुले पनि यो देशको आधा हिस्सामा रहेका नेपाली महिलाहरु जागृत नभएर अथवा सचेत नभएर यो देशको परिवर्तन गर्न सकिँदैन। एक रथका पाङ्ग्रा महिला हो भने एक

रथका पाङ्ग्रा पुरुष हो भन्ने जुन मान्यता छ। नेपाल कम्युनिष्ट पार्टीको स्थापनाकालदेखि महिलाहरुलाई पनि अगाडि बढाउनका निम्ति संस्थापक नेता पुष्पलालले जुन खालको चाहिँ घोषणापत्रमै राखेर ल्याउनुभएको छ। र यही अनुसार अहिलेको नेतृत्वले पनि यी कुराहरुलाई महशुस गरेरै हामीले हाम्रा विभिन्न आन्दोलनहरुले चाहिँ जुन अधिकारहरु प्राप्त गरेको छ र अहिले हामी जुन ३३% मा छौं यो ३३% लाई हामी फेरि पनि साझा समस्याहरुको बारेमा साझा ढङ्गले हामी लाग्न सक्यौं एकताबद्ध भयौं भने देखि स्वाभाविक रुपले हामीले बाँकी अधिकार पनि जनसंख्या अनुसारको चाहिँ प्रतिशतमा जुन ५१% मा हामी जनसंख्याको हिसाबले छौं। ५१% महिलाहरुको अधिकारको निम्ति हामी एकताबद्ध हुन आवश्यक छ। साझा Issue का निम्ति हामी एकताबद्ध हुनेछौं। राजनीतिक Issue हरु हामी आ-आफ्नो ठाउँमा भए पनि आजको आवश्यकता भनेको एकताको हो। र हामी विभाजित नभएर एकता हुनका निम्ति त सबै नेपालीहरु सबै पार्टीहरु एक ढिक्को हुनुपर्ने आवश्यकता छ। अहिले चौतर्फी जुन घेराबन्दी भइरहेको छ। र हिंजोका हामीले मसानघाटमा पुऱ्याएको पञ्चायतको फेरि ठाडो शिर हुने सम्भावना अथवा टाउको देखाउने सम्भावनाहरु छिटपुट रुपले आउने कोशिस गरिरहेका छन्। स्वभाविक रुपले नेपाली जनताहरु सचेत छन्। त्यो दिन नआउला र त्यो नआउन दिनका निम्ति हामी एकजुट भयौं भने मात्रै त्यो दिन नआउन सक्छ। र हामी एक आपसमा हिलो छ्यापाछ्याप यहाँ अघि कुरा आयो। र कसको पालामा कसलाई नियुक्ति गरियो, कसलाई क्रस गरियो। मलाई लाग्छ मलाई अलि अलि सम्झना छ भने- गृह मन्त्रालयमा पनि एकचोटि यस्तै भएको थियो। यो यस्तो हुन हुँदैन तर हाम्रो पालामा भइहाल्यो अहिले नहोस् भन्ने कुरो पनि अलिकति बेठिक हुन्छ जस्तो मलाई लाग्छ। त्यसकारणले यी सबै कुराहरुलाई हामीले हेक्का गर्दै हामी आफू पदमा पुगिरहेको बेलामा आफू सत्तामा भएको बेलामा हामी सबै होशियार हुनेछौं र यो अहिलेको सरकारको नेतृत्व यस्ता कुरामा एकदमै सचेत छ भन्ने म चाहिँ भरोसा गर्न चाहन्छु र सुझबुझका साथ यी सबै समस्याहरुलाई समाधान गर्नका निम्ति नेतृत्व लाग्नेछ र हामी सबैले त्यसमा साथ दिनेछौं र यो जुन राजनीति कुरा राजनीति **Issue** हरुमा आफ्नो अडान होला। व्यक्तिगत व्यावहारिक कुराहरु र सामाजिक कुराहरुको बारेमा हामी एकढिक्को भएर लाग्नका निम्ति म सबैलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा सबैको बुद्धि आओस्। धन्यवाद।

(१५:०५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>**:-** माननीय सदस्यहरु विशेष समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब कार्यसूचीका मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिने कार्यक्रम शुरु हुन्छ। माननीय सदस्यहरु, माननीय मन्त्रीले उत्तर दिनु भएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही १ मिनेटभित्र पूरक प्रश्न सोध्न सक्नुहुने व्यहोरा समेत जानकारी गराउँछु।

माननीय सदस्यहरु अब म कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री रामनाथ अधिकारीलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनका लागि रोष्टममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरु, प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनारलाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:०६ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यु, अध्यक्षज्यूमार्फत म कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु। मेरो प्रश्न छ- आर्थिक वर्ष ०७९/८०, ०८०/८१ को नीति तथा बजेटमा उल्लेख गरिएको आयोजना र बजेटमा आफ्नै देशमा रासायनिक मलको कारखाना स्थापना गरिछाड्ने र समयमा आवश्यकता बमोजिम मल किसानलाई उपलब्ध गराउने, मल नहुँदा किसान पीडित हुने अवस्थाको अन्त्य हुने भनिएको थियो। कृषि उत्पादन बढाउने, आत्मनिर्भर हुने भन्ने नारा, मल कारखाना स्थापना भएको छ? कुन चरणमा पुगेको छ? सरकार आश्वासन मात्र दिने हो कि काम पनि गर्ने हो?

(१५:०७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय मन्त्रीज्यू।

(१५:०७ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारी**:- सम्माननीय अध्यक्ष महोदय, माननीय भुवन बहादुर सुनारज्यूले कृषिसँग कृषि मन्त्रालयसँग जुन प्रश्न राखुभएको छ। त्यसको उत्तर भनौं म दिन चाहन्छु। आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्यको बुँदा नं. ८९ मा स्वदेशमा नै रासायनिक मल कारखाना स्थापना गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी सार्वजनिक निजी साझेदारीमा लगानी बोर्ड मार्फत काम अगाडि बढाइनेछ भनी उल्लेख रहेको थियो। तथापी २०८१/०८२ को बजेट बक्तव्यमा यो सम्बन्धी विषय उल्लेख भएको छैन। साथै, चालु आर्थिक वर्ष २०८१/०८२ मा समेत मल कारखाना स्थापनाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कुनै बजेट विनियोजन भएको छैन।

नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार उद्योग स्थापना सम्बन्धी विषय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित रहेको देखिन्छ। रासायनिक मल कारखाना स्थापना धेरै ठुलो लगानी, पूर्वाधार विकास, बजार व्यवस्थापन लगायतका विषयहरूसँग सम्बन्धित भएकाले सो सम्बन्धमा अर्थ मन्त्रालय र लगानी बोर्ड तथा विदेशी संस्थाहरू मार्फत विभिन्न चरणमा पूर्व सम्भाव्यता अध्ययन भएको छ। अन्तर्राष्ट्रिय लगानीको आवश्यकता प्रयास जग्गा र पूर्वाधार विकास कारखाना केन्द्रित र नियमित आपूर्ति गराउने छुट्टै जलविद्युत आयोजना लगायतका विषयमा लगानी बोर्ड मार्फत आवश्यक अध्ययन भइरहेको छ। नेपालमा रासायनिक मल कारखाना स्थापना सम्बन्धमा विगतमा देहायअनुसार अध्ययन भएको पाइएको छ। जाइकाको सन् १९८४ को अध्ययन अनुसार प्रति घण्टा २७६ टन युरिया उत्पादन प्लान्ट खोल्नका लागि नेपालमा प्रति घण्टा करिब १०० मेघावाट क्षमताको विजुली आवश्यक पर्ने र करिब १४४.७६ मिलियन यु.एस. डलर लागत लाग्ने भनी सुझाव दिइएको हो। त्यसै गरी दोस्रो, वि.सं. २०७२ मा भएको एक अध्ययन अनुसार ७२ अर्ब लगानी गरी वार्षिक ७ लाख मेट्रिक टन मल उत्पादन गर्न सकिने भनी पूर्वसम्भाव्यता अध्ययन भएको। तेस्रो, वि.सं. २०८० को लगानी बोर्डको प्रतिवेदन अनुसार ९२ अर्ब लगानी गरी वार्षिक ७ लाख मेट्रिक टन क्षमताको मल कारखाना स्थापना हुन सक्ने भनी पूर्वसम्भाव्यता अध्ययन भएको। चालु आर्थिक वर्षमा Global Green Growth Institute (GGG) र काठमाडौं युनिभर्सिटीले Green Urea को कारखाना स्थापना गर्न सकिने सम्बन्धमा अध्ययन गरिरहेको व्यहोरा म निवेदन गर्दछु। धन्यवाद।

(१५:११ बजे) <u>सम्मानननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनारलाई आफ्नो दोस्रो प्रश्न सोधन समय उपलब्ध गराउँछु ।

(१५:१२ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- मन्त्रीज्यू, मेरो पूरक प्रश्न। नेपालमा रासायनिक मल कारखाना बन्ने नबन्ने के हो? सम्भव कति हो या होइन? त्यसो भए आर्थिक वर्ष २०८२/०८३ को बजेटमा उल्लेख मात्र किन गर्ने हो र?

(१५:१२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- मन्त्रीज्यू।

(१५:१२ बजे) <u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारी</u>:- सम्माननीय अध्यक्ष महोदय, प्रश्नकर्ता माननीयज्यूलाई म विशेष धन्यवाद दिन चाहन्छु। मैले सरकारसँग भएको यथार्थ विवरण यहाँका बिचमा सम्मानित रा ष्ट्रिय सभासमक्ष निवेदन गरेँ। आगामी २०८२ /०८३ का लागि नेपाल सरकारको तर्फबाट त्यस विषयमा छलफल चलिरहेको बेहोरा म निवेदन गर्दछु। धन्यवाद।

(१५:१२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, माननीय सदस्यले पूरक पश्न गर्दा खेरी जब माननीय मन्त्रीज्यूले पहिलो प्रश्नको उत्तर दिइसकेपछि हात ठड्याउने भनेर जो भनिएको थियो। जब मैले यहाँबाट दोस्रो प्रश्न सोध्ने भनिसकेपछि फेरि पूरक प्रश्न तिर यतातिर अलिकति हाम्रो नियमावलीमा व्यवस्था भएअनुसारको मा ध्यान दिन पनि म विशेष आग्रह गर्न चाहान्छु। र माननीय सदस्यलाई अब दोस्रो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:१३ बजे) <u>माननीय श्री  भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- मन्त्रीज्यूलाई मेरो प्रश्न। स्वदेश मै खाद्यान्न, फलफूल, दुध, अण्डा, मासु र तरकारी आदि प्रशस्त उत्पादन गरेर विदेशी आयत निरुत्साहित गर्ने तथा देशलाई आत्मनिर्भर बनाउने तर्फ माननीय मन्त्रीज्यूको कस्तो योजना छ? नेपाल धेरै पराधीन नेपाल सँधै पराधीन हुने त होइन? धन्यवाद।

(१५:१३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय मन्त्रीज्यू।

(१५:१३ बजे) <u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारी</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूले प्रश्न राख्नु भएको छ। म यो यसको उत्तर दिन चाहन्छु। राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीबाट क्रमशः आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ अग्रसर भइरहेको छ। नेपालको संविधान, २०७२ को मर्म अनुसार संघ, प्रदेश र स्थानीय तहबाट कृषि तथा पशुपन्छी विकासका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि मन्त्रालय तथा मातहतका निकायहरूबाट रासायनिक मलको सहज आपूर्ति तथा

वितरण उन्नत बिउ विजनको उत्पादन तथा उपलब्धता, जातीय विकास तथा प्रविधि प्रबर्धन, रैथाने बाली, पशु नश्ल तथा कृषि जैविक विविधता, संरक्षण एवम् सम्बर्द्धन प्रर्बद्धन, बालीले ढाकेको क्षेत्र विस्तार, सिंचित कृषि क्षेत्रको विस्तार, कृषि उत्पादन तथा व्यवसाय विकासका लागि अनुदान र सहुलियत प्रदान, प्रमुख कृषि पूर्वाधारहरूको निर्माण, पशु नश्ल सुधार, पशु पन्छी रोग नियन्त्रण तथा खोप कार्यक्रम, खाद्य वस्तुको मापदण्ड तयारी तथा बजार अनुगमन र नियमन लगायतका कार्यक्रमहरूलाई नियमित रुपमा सञ्चालन भइरहेका छन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली लगाउनु पूर्व नै मुख्य बाली बस्तुहरूको न्यूनतम समर्थन मूल्य तोक्ने। रासायनिक मलको सहज आयात तथा वितरण व्यवस्थापन, पशुपन्छीमा लाग्ने रोग बिरुद्ध खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, कृषि विमा र किसान सूचीकरणको दायरा बिस्तार लगायतका प्रमुख कार्यक्रममा महत्वपूर्ण उपलब्धीहरू हासिल भएका छन्। कृषि क्षेत्रको यान्त्रिकिकरण तथा व्यवसायिकरणसँग सम्बन्धित कार्यक्रमहरुबाट विभिन्न खाद्यान्न तरकारी फलफूल लगायतका बालीहरूको उत्पादन तथा उत्पादकत्व बृद्धि भएको छ। चालु आर्थिक वर्ष २०८१/०८२ मा धानको उत्पादन गत आ.व. को भन्दा २,३१,००० मेट्रिक टनले बढेर कुल ५९,५५,००० मेट्रिक टन र उत्पाकदत्व ३.९८ मेट्रिक टन प्रति हेक्टरबाट बढेर ४.१९ मेट्रिक टन प्रति हेक्टर पुगेको छ। ताजा तरकारी र फलफूलको क्षेत्रफल र उत्पादन तथा उत्पाकदत्व समेत बढ्दै गएको छ। हाल बाह्रै महिना ताजा तरकारी उपलब्धता तथा स्याउ, सुन्तला, केरा र आँप जस्ता प्रमुख फलफूलहरूको बजारमा स्वदेशी उत्पादनको हिस्सा बढ्दै गएको छ। पशुपन्छी जन्य उत्पादनमा देश आत्मनिर्भरता तर्फ अघि बढिरहेको छ। आ.व. २०८०।०८१ को तथ्याङ्क अनुसार दुध उत्पादन २६,१६,००० मेट्रिक टन, माछा १,१९,००० मेट्रिक टन, मासु ४,३१,००० टन र अण्डा १ अर्ब ६० करोड भन्दा माथि रहेको छ। संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि सङ्गठनले सिफारिस गरे अनुसार प्रति व्यक्ति प्रति वर्ष मासु १४ के.जी. अण्डा ४८ वटा र दुध ९१ लिटर आवश्यक पर्छ भने हाल मासु २१ के.जी. अण्डा ५५ वटा र दुध ८९.६ लिटर आवश्यक हुनेमा सो को परिपूर्ति स्वदेशी उत्पादनबाट नै भइरहेको देखिन्छ। प्रमुख कृषि उपजहरूको उत्पादन अनुदानको अवस्था देहाय अनुसार रहेको छ। वालीवस्तु इकाई आ.व. २०८०/०८१ को उत्पादनमा कुल प्रगति र उपलब्धी। धान मेट्रिक टन ५,९५५ २०८१/०८२ को, मकै मेट्रिक टन हजारमा हो यो ३,०८९। गहुँ मेट्रिक टन हजारमा २,१५५। फलफूल मेट्रिक टन हजारमा १,५३८। तरकारी मेट्रिक टन हजारमा ४,३९८। आलु मेट्रिक टन हजारमा ३,६५२। दुध उत्पादन मेट्रिक टन हजारमा २,६१६। माछा उत्पादन मेट्रिक टन हजारमा ११९। मासु उत्पादन मेट्रिक टन हजारमा ४३१। अण्डा उत्पादन गोटा लाखमा १६,०८४ लाखको हिसावले हो यो। बढ्दो जनसङ्ख्या र खानेपानीमा

देखिएको विविधता सँगै स्वदेशको कृषि उपजको उत्पादनबाट माग परिपूर्ति हुन नसक्दा आयात भएको देखिन्छ। विशेष गरी धान, चामल, गहुँ, मकै, आलु, प्याज, लसुन, फलफूलको आयात बढी भएको देखिन्छ। आन्तरिक उत्पादन वृद्धिका लागि बालीले ढाकेको क्षेत्रफल विस्तार, सिंचित क्षेत्र विस्तार, रासायनिक मल र उन्नत बिउ विजनको सहज उपलब्धता, उत्पादन लक्ष्य अनुदानका क्रियाकलाप, उन्नत जात तथा पशु नश्लको विकास तथा प्रबर्द्धन, बाली विशेष कार्यक्रमहरूलाई प्राथमिकता दिई सञ्चालनमा ल्याइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत सुपर जोन, जोन, ब्लक र पकेट विकास कार्यक्रमहरूलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ। खाद्यान्न, फलफूल, दुध, अण्डा, मासु र तरकारी आदिमा आन्तरिक उत्पादनमा वृद्धि तथा विदेशी आयातलाई निरुत्साहित गर्न देहाय बमोजिमका कार्यक्रमहरूलाई प्राथमिकता दिने योजना रहेको छ। कृषि उपजको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि विशेष गरी कृषि उत्पादन कार्यक्रम मार्फत रासायनिक मलको समयमा उपलब्धता सुनिश्चित गर्ने। विउ प्रबर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम मार्फत गुणस्तरीय बिउको उपलब्धता सुनिश्चित गरी खाद्यान्न बालीको उत्पादन तथा उत्पाकदत्व वृद्धि गर्ने। नेपाल कृषि अनुसन्धान केन्द्र कृषि विभाग र पशु सेवा विभाग अन्तर्गत स्थापना भएका स्रोत केन्द्रहरुमा उत्पादन भएका गुणस्तरीय सामग्रीहरू बिउ, बेर्ना, पशुपन्छी नश्लको उपलब्धता वृद्धि गरी गुणस्तरीय स्रोत सामग्रीहरूमा आम कृषकहरूको पहुँचमा वृद्धि गर्ने। चालु आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम मार्फत कृषि प्रसारका सेवाहरुमा कृषकको पहुँच वृद्धिका लागि सङ्घीय निकाय, प्रदेश तहका निकाय र स्थानीय तहहरु मार्फत कृषि प्रसार सेवा प्रवाह भइरहेको र स्थानीय तहमा जनशक्ति अभावलाई सम्बोधन गर्न ६१४ स्थानीय तहहरूमा १,८६२ जना प्राविधिकहरूका लागि कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकहरूको तलब भत्ता कार्यक्रम २५० स्थानीय तहमा एक पालिका एक भेटेरीनरी डाक्टर र ४६७ स्थानीय तहमा कृषि अधिकृतका लागि कृषि स्नातक करार कार्यक्रमका लागि सशर्त वित्तीय हस्तान्तरणलाई प्राथमिकता दिइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत साना व्यावसायीक कृषि उत्पादन केन्द्र पकेट, विकास कार्यक्रम, व्यावसायीक कृषि उत्पादन केन्द्र ब्लक, विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र जोन, विकास कार्यक्रम र बृहत्तर व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र सुपर जोन विकास कार्यक्रमहरू मार्फत बाली वस्तु विशेषको उत्पादन तथा उत्पाकदत्व वृद्धि लक्षित कार्यक्रमहरूलाई प्राथमिकता दिई सञ्चालन भइरहेको छ। फलफूल बालीमा आत्मनिर्भरताका लागि सुन्तला बालीलाई राष्ट्रिय फलको रुपमा घोषणा गरिएको र राष्ट्रिय फलमा केन्द्रित रही नमूना सुन्तला बगैचा स्थापना सहित गुरु किसान परिचालन र क्षेत्रफल बिस्तार, गुरु किसान छनौट तथा नमूना फर्म स्थापना सहयोग कार्यक्रम, सुन्तला बाली लगायत अन्य

फलफूल बालीहरूको सुपर जोन, जोन, ब्लक र पकेट कार्यक्रमहरू सञ्चालनलाई प्राथमिकता दिइएको। पहाडी क्षेत्रमा बाँझो तथा खेतीयोग्य जमिनमा फलफूल खेती बिस्तारका लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना मार्फत कोसी प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा प्रभावकारी रुपमा सञ्चालन गराउने उद्देश्य राखिएको छ। प्रमुख खाद्यान्न बाली धान, मकै, गहुँ र रैथाने बाली प्रबर्धन कार्यक्रम साना सिँचाइ पूर्वाधार निर्माण, भण्डारण पूर्वाधार तथा पशुपन्छीहरूमा महामारी, आकस्मिक रोग नियन्त्रण कार्यक्रम, कृत्रिम गर्भाधान मिसन कार्यक्रम, Compartmentalization कार्यक्रम, गाई भैंसी पालन असल अभ्यास प्रबर्धन कार्यक्रम, डेरी प्रबर्धन कार्यक्रम, आधारभूत प्रयोगशाला कार्यक्रम, बाखा स्रोत केन्द्र स्थापना ..... जस्ता कार्यक्रमहरू कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत सञ्चालनमा ल्याइएको छ। भेडाबाखाको महामारीजन्य रोग बिरुद्धको पी.पी.आर, गाई भैंसीको लागि एच.एस. एन्थ्रेक्स, कुखुरामा लाग्ने रानीखेत बिरुद्धको खोप लगायत स्वायन फिवर, फावल पक्स, गंगरोका खोपहरू हाम्रै देशमा उत्पादन भइरहेका छन् भने पी.पी.आर. र अफ्रिकन स्वाइन फिवरको खोप उत्पादनमा आत्मनिर्भर बनाउने तर्फ कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत नौ लाख ९० ५० हेक्टरमा चैते धानको विस्तार र पहाडी काष्ठफल तथा फलफूल विकास आयोजना समेत गरी दुई हजार हेक्टरमा फलफूल क्षेत्र विस्तार गर्ने योजना रहेको छ। उन्नत बिउ बेर्ना, दाना, नश्ल, बाच्छी मात्र जन्मने विर्य, औषधी खोप माछाका भुरा जस्ता सामग्री स्वदेश मै उत्पादन तथा उपलब्ध गराउने व्यवस्था छ। फलफूल, नर्सरी र बेर्ना रोपनलाई व्यापक रुपमा विस्तार गर्ने, वन तथा वातावरण मन्त्रालयसँगको सहकार्यमा सामुदायिक वनहरूमा फलफूलका बिरुवा रोपण गर्ने। कृषि, पशुपन्छी पालन र वनको अन्तरसम्बन्ध स्पष्ट हुने गरी भू-उपयोगमा आधारित कृषि प्रणालीको विकास गर्ने। कृषि योग्य बाँझो जमिन एकीकरण गरी सामुहिक खेती, करार खेती एवम् सहकारी खेतीको प्रबर्धन गर्ने। ठुला सिँचाइ कमाण्ड क्षेत्रभित्र सङ्घीय कार्यालय सहित कृषि कार्यक्रम सञ्चालन गर्ने। निर्यातजन्य बाली र वस्तु उत्पादनका लागि स्थानीय तहहरूसँग प्रबर्धन गर्ने। कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्ने। धन्यवाद।

(१५:२६ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भई पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:२६ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- मेरो पूरक प्रश्न छ। नेपालको भूगोल फलफूल खेती र गेडागुडी उत्पादन हुने उत्तम हावापानी भएको देश। नेपालको उत्तरी क्षेत्र आलु खेतीको जोन हो। तराई अन्न भण्डार हो। तर किन विदेशी अन्न, तरकारी, फलफूलमा निर्भर हुनुपरेको हो? अब स्वदेश मै उत्पादन बढाउन बढाउने कार्यक्रम प्रभावकारी बनाउन कृषि अनुदान बिचौलीयाले पाउँछन् वास्तविक किसानले पाउँदैनन् भन्ने छ यसलाई व्यवस्थित गर्न मन्त्रीज्यूको योजना के छ?

(१५:२७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय मन्त्रीज्यू।

(१५:२७ बजे) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारी**:- सम्माननीय अध्यक्ष महोदय, म माननीय सदस्यज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यहाँले पूरक प्रश्न राख्नुभएको छ। यो पूरक प्रश्नको जवाफ कतिपय त यसमा सन्दर्भ जोडिइ पनि सकेको छ। म यहाँलाई निवेदन गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू महोदय मार्फत सर्वप्रथम त किसानहरूले अनुदान पाएनन् भन्ने सन्दर्भमा कृषि मन्त्रालयमा विगत पाँच वर्ष यस वर्षभन्दा अगाडिको पाँच वर्ष अगाडि देखि कृषि मन्त्रालयले बाँडेको अनुदानको सन्दर्भ र प्याक्ट कार्यक्रम भन्ने थियो आठ वर्ष सञ्चालन भएको। ती दुवै कार्यक्रमको अनुदानका सन्दर्भमा सार्वजनिक भइसकेको छ। प्याक्ट कार्यक्रमको दुई अर्ब भन्दा बेसी तपाईंको पाँच वर्षको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बाँडेको अनुदानका सन्दर्भमा एक खर्ब सात अर्ब रुपैयाँको त्यही एक अर्ब सात अर्ब रुपैयाँ मध्ये सतासी अर्ब रुपैयाँ रासायनिक मल खरिदका लागि र अरु बाँकी सबै कृषि पेशासँग सम्बन्धित पशुपन्छी तर्फ सम्बन्धित रहेर ती सबै सार्वजनिक भइसकेका छन्। तसर्थ कतिपय सन्दर्भहरू अघि मैले बताइ पनि सकेको छु। विशेषगरी हामीले अहिले पछिल्लो चरण हिमाली क्षेत्रमा हिमाली आलु, पाङ्गाशेस माछा त्यसैगरी अलैंची, टिमुर जस्ता महत्वपूर्ण कुरामा रैथाने बालीहरूलाई व्यवस्थित गर्न र आगामी यही वर्षबाट लागु गर्ने ढङ्गबाट अगाडि बढाइएको छ। र जहाँसम्म हामीले जुन योजना अनुसार हामीले आयात गरेका छौं भनेर भनेका छौं। हामीले व्यावसायिक कृषिलाई व्यावसायिक तर्फ अगाडि बढाउँदै लैजाने उद्देश्य बोकेको कुरा अघिनै मैले निवेदन गरिसकेको छु माननीयज्यूलाई विशेष धन्यवाद र मेरो भनाई पनि यहीं टुङ्ग्याउँछु। धन्यवाद।

(१५:२९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- अब म, माननीय मन्त्रीलाई आशन ग्रहण गर्न अनुरोध गर्दछु।

माननीय सदस्यहरू, अब युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्य मदन कुमारी शाह(गरिमा)लाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:२९ बजे) <u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू मार्फत युवा तथा खेलकुद माननीय मन्त्रीज्यूलाई मेरो प्रश्न रहेको छ। पछिल्लो समयमा खेल क्षेत्र र खेलाडीहरूले आश लाग्दो प्रदर्शन गरिरहेका छन्। जुन मुलुकको लागि सुखद हो। तर, साथसाथै खेलाडी विदेश पलायन भइरहेका छन्। कतिले खेल क्षेत्रबाट जीविकोपार्जनमा सकस हुँदा नचाहाँदा नचाहाँदै खेल क्षेत्र छाड्नु परेको छ। यस्तो अवस्थामा तत् सम्बन्धमा सरकारसँग दीर्घकालिन र अल्पकालिन नीति तथा कार्यक्रम के छन्? १. खेल क्षेत्रको विकास गर्न खेल क्षेत्रमा उज्जवल भविष्य देखाउन खेलको माध्यमबाट मुलुकको पहिचान स्थापित गर्न तथा स्वस्थ, सक्षम तथा अनुशासित खेलाडी उत्पादन गर्ने सम्बन्धमा। २. खेलाडीको सामाजिक सुरक्षाको विशेष शिक्षा, स्वास्थ्य र रोजगारी सम्बन्धमा खेलाडीलाई प्रोत्साहन सम्बन्धमा नेपाललाई खेलकुदको हब बनाउने सम्भावनाका सम्बन्धमा र अन्तिममा खेलकुद सम्बन्धी वैज्ञानिक र औपचारिक शिक्षाका लागि खेलकूद विश्वविद्यालय बनाउने सम्बन्धमा। धन्यवाद।

(१५:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय मन्त्रीज्यू।

(१५:३१ बजे) <u>माननीय युवा तथा खेलकुद मन्त्री श्री तेजु लाल चौधरी</u>:- सम्माननीय अध्यक्षज्यू, सबैभन्दा पहिले माननीयज्यूलाई म धन्यवाद दिन चाहन्छु। कम्तीमा नेपालमा खेलकुदलाई पनि हब बनाउन सकिन्छ। नेपालमा खेलकुदलाई माननीयहरूको जुन किसिमको चासो जुन किसिमको उत्साह जुन किसिमको उमङ्ग देखाउनु भा'छ। माननीयज्यूलाई सबैभन्दा पहिले धन्यवाद दिन चाहन्छु। किनभने खेलकुदमा अहिलेसम्म खेलाडीहरूको विषयमा र विषयमा

कुनै पनि माननीयज्यूहरूले सकेसम्म प्रश्नहरू नगर्ने, खेलकुदको विषयमा बजेट कति छ? त्यसको विषयमा चासो नराख्ने र अन्य विषयमा बढी चासो राख्ने भएको हुनाले सबैभन्दा पहिले म माननीयज्यूलाई सम्माननीय अध्यक्ष मार्फत म धन्यवाद दिन चाहन्छु। र बढीभन्दा बढी खेलकुद प्रति जवाफदेहिता माननीयज्यूलाई पनि हुन्छ। र सम्पूर्ण राष्ट्रिय सभाका माननीयज्यूहरु र प्रतिनिधि सभाका माननीयज्यूहरू हुनु भएको हुनाले यस्ता प्रश्नहरू उठाइदिन मैले बारम्बार आग्रह गर्न चाहन्छु। किनभने खेलकुदमा युवाहरू ४२% युवाहरू खेलकुद क्षेत्रमा लागि राखेको छ। अथवा युवाहरू छन्। त्यसको बजेट हेर्दाखेरी नेपाल सरकारले आफ्नो स्रोत र साधनले अहिले पनि हाम्रो सीमा आइसकेको छ। अर्थमन्त्री भर्खर बाहिर जानु भा'छ। म सुनाउँ भनेर। अघि कुरा गऱ्याथ्यो। तपाईंहरू पोहोरको बजेट र यसमा हाम्रो कुनै फरक देखिएन। साढे तीन अर्ब रुपैयाँ खेलकुदमा बजेट छुट्टाएको छ। अब त्यस अनुसार तपाईं आफैं सोच्नुस्। खेलकुदलाई कुन बाटोमा लान सकिन्छ? कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुराहरू म सबैभन्दा पहिले जानकारी गराउन चाहन्छु। अब माननीयज्यूको जुन प्रश्न छ। कति प्रश्नहरू नीतिगत प्रश्नहरू छन्। नीतिमा मात्रै भएर काम हुँदैन। म clear छु त्यो कुरामा। नीति बनाउने हाम्रा खेलकुदमा ठुलाठुला नीति छन्। राष्ट्रिय गौरवका योजनाहरू छन्। तर दुःखको साथ तपाईंहरुको अगाडि म बोल्दै छु आज। बहुवर्षीय योजना खेलकुद मन्त्रालयमा एउटा पनि छैन। जब बहुवर्षीय योजना नभएपछि खेलकुद मन्त्रालयमा कसरी तपाईंहरू ठुलोठुलो रङ्गशालाहरू बनाउन सकिन्छ? बल्ल यसपालि राष्ट्रिय गौरवको योजना last year को बजेटमा थोरै रकम परेको हुनाले मुलपानी अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला अहिले त्यो रङ्गशालाको टोटल सबै चिज तयारी भएर अर्थ मन्त्रालयमा पुगेको छ। र त्यसको बजेट अहिलेसम्म स्रोत सुनिश्चितता आउन सकेको छैन। अर्को राष्ट्रिय गौरवको योजना गिरीजा प्रसाद कोइराला अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला विराटनगरमा EIA र IEE सबै भएर डी.पी.आर.(DPR) सबै भएर अर्थ मन्त्रालयमा पुगेको छ। स्रोत सुनिश्चितता नआएको कारणले दुईवटा बाहेक हाम्रो राष्ट्रिय गौरवको योजना त्यो हो र कुनै पनि वार्षिक अथवा बहुवर्षीय योजना नभएको हुनाले तपाईंहरूलाई म जानकारी गराउन चाहन्छु र कुनै पनि योजनाहरू patch work मा अहिलेसम्म patch work मा थोरै काम गर्ने ठेकेदारले ठेक्का लिने त्यसपछि त्यो पैसा अर्को वर्ष त्यो रङ्गशाला जस्ताको त्यस्तै रहिरहने। अर्को मन्त्री आउँछ। अर्को बजेट नपर्ने त्यो मन्त्रालयमा। त्यो कार्यक्रम नपर्ने। त्यसपछि के भयो त कहिले पनि कन्ट्रोल हुन सकेन। र अघि नै मैले भनिसके वार्षिक कार्यक्रममा वहुवर्षीय योजना मेरो मन्त्रालयमा एउटा पनि छैन भनेर तपाईंहरुलाई म जानकारी गराउन चाहन्छु। अब तपाईंको प्रश्नको जवाफ मैले राख्न चाहें अब।

नेपालको खेलकुद क्षेत्रको योजनाबद्ध विकासको लागि लामो प्रयासबाट खेल क्षेत्र तथा खेलाडीहरूको जीवनमा केही सकारात्मक परिणामहरू देखा परेका छन्। यद्यपी माननीयज्यूहरूले उठान गर्नु भएको खेलाडी विदेश पलायन तथा जीविकोपार्जन कठिनाई हुँदा नचाहादै नचाहादै खेल क्षेत्र छोडेर अन्य पेशा व्यवसाय गर्नु परेको बाध्यता पूर्ण रुपमा नकार्न सक्दैनौं। नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय खेलकुद परिषद्बाट खेल क्षेत्रको विकास गर्न, खेल क्षेत्रमा उज्ज्वल भविष्य देखाउन, खेलको माध्यमबाट मुलुकलाई पहिचान स्थापित गर्न तथा स्वच्छ, सक्षम र अनुशासित खेलाडी उत्पादन गर्ने सम्बन्धमा देहाय बमोजिमको अल्पकालिन दीर्घकालिन नीति र कार्यक्रमहरू अगाडि बढाएका छ। सरकारको दीर्घकालिन अल्पकालिन नीति र कार्यक्रम यस प्रकार छन्।

अल्पकालिन कार्यक्रमहरूः- खेलकुद बजेट वृद्धि हरेक वर्ष वार्षिक बजेट खेलकुदको लागि बजेट वृद्धि गर्न प्रयास गर्दै आएको छ। अहिले पनि अघिनै मैले भनिसकें। Last year पनि साढे तीन अर्ब यसपाली पनि साढे तीन अर्ब। अब पाँच दश करोड बढ्यो होला। त्यो भन्दा बढी बढ्न सकेको छैन।

पुरस्कार र सम्मान कार्यक्रमः- खेलाडीहरूलाई हामीले पुरस्कार र सम्मान कार्यक्रम गरेका छौं। अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने खेलाडीहरूलाई नगद पुरस्कार, जागिरको अवसर र अन्य सुविधा दिने नीति लागु गरिएको छ। तपाईंहरुलाई म clear गर्न चाहन्छु। अहिले हाम्रो गणतन्त्र आइसकेपछि तपाईंहरुलाई जानकारी गराउन चाहन्छु। जो अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्ने खेलाडीहरूलाई हामीले हाम्रो नीति र कार्यक्रममा छ। तर हामी ऐन, कानुनले त्यो जागिर दिन सकेको छैन। हामीसँग अहिले थुप्रै खेलाडीहरू दरबन्दीहरू खाली हुँदा हुँदै पनि ऐन अहिले हाम्रो मन्त्रालयबाट केही दिनमा मन्त्रीपरिषद्मा पास भएपछि मात्रै केही लागु हुन सक्छ। होइन भने हामीसँग साढे तीन सय दरबन्दीहरू कोचको दरबन्दी खाली हुँदा हुँदै पनि हामीले राख्न सकिराखेको छैनौं। त्यसकारणले पुरस्कारको विषयमा, नगदको विषयमा, सम्मानको विषयमा म आएपछि लगातार अहिलेसम्म कुनै पनि खेलाडीहरू जसले अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरेको छ। उनीहरूले सम्पूर्णलाई पुरस्कार दिएको जानकारी गराउन चाहन्छु। CAN द्वारा खेलाडीहरूको वर्गीकरण गरी Grade A, Grade B, Grade C, D को र Emerging खेलाडीको विभाजन गरी पुरुषहरूको हकमा क्रमशः एक लाख, B मा पर्ने खेलाडीहरुको सत्तरी हजार, C मा पर्ने खेलाडीहरूको पचपन्न हजार Monthly, D मा पर्ने खेलाडीहरूको पैंतिस हजार र अरु खेलाडीहरूको पच्चिस हजार, तिस हजार मासिक पाउने र महिलाको हकमा समेत क्रमशः पचास हजार, पैंतिस हजार, तिस हजार, पच्चिस हजार र बीस हजार मासिक पारिश्रमिक पाउने व्यवस्था

गरिएको छ। त्यस्तै गरीकन फुटबलमा A Grade मा A,B,C खेल्ने खेलाडीहरुको पनि monthly पैसा पाउने गरेको छ। अन्तर्राष्ट्रिय खेलाडीहरूको लागि जसले हामीलाई खेलाडीहरू हाम्रो नियमावली अनुसार पुरस्कार पाउने विजेता प्राप्त हुन्छ उदाहरणको लागि फ्रान्समा पाराओलम्पिक्समा हाम्रा गोबर्द्धन पलेसा गोबर्द्धनले कास्य पदक प्राप्त गरिसकेपछि नेपाल सरकारले ट्याक्स नकाटिकन पैसठ्ठी लाख रुपैयाँ पुरस्कार हामी र सम्मान गरेका थियौं। त्यस्तै गरिकन एसियन खेलकुदमा रजत पदक विजेता एरिना गुरुङलाई हामीले नेपाल सरकारले उन्नाइस लाख पचास हजार रुपैयाँ हामीले पुरस्कार दियाछौं। यसै गरिकन भलिबलमा, फुटबलमा जसले अस्ति मात्रै हाम्रो सार्क गेमहरूमा महिला अस्ति मात्रै फुटबलको, भलिबलको भएकोलाई हामीले regular पुरस्कारहरू खेलाडीहरूलाई सम्मान गरिराखेका छौं। खेल प्रशिक्षक र पूर्वाधारको विकासमा नेपाल खेलकुद परिषद मार्फत खेलाडीहरूको लागिलाई आधुनिक प्रशिक्षण दिइने प्रयास भइराखेको छ। साथै खेल मैदान र अन्य पूर्वाधार सुधार गर्न सरकार सक्रिय रहेको छ। हालसालै ४० वटा खेल पूर्वाधार उन्नतिको लागि क्रमशः केही सम्पन्न भएको जानकारी गराउन चाहन्छु। हामीले अब स्थानीय तहलाई पनि हाम्रा नेपाल सरकारको जुन खेलकुद मन्त्रालय अन्तर्गत रहेको के रे फिल्डहरू स्थानीय सरकारलाई पनि हामी दिइराछौं। प्रदेश सरकारलाई पनि दियाछौं। हामी सबै जग्गा सबै अहिले केन्द्र सरकारले राख्दाखेरी हाम्रो बजेटको अभावले गर्दाखेरी सबै चिज अधुरा उदाहरणको लागि नारायणी रङ्गशाला बाइस बिगाघा जग्गा छ। त्यो केन्द्रीय सरकार अन्तर्गत छ। खेलकुद मन्त्रालय अन्तर्गत छ। र त्यसको भौतिक पूर्वाधार हेरिकन् जीर्ण अवस्थामा छ। अहिले तराई मधेसमा खेलकुद नगन्य अवस्थामा रहेको देखिन्छ। खेलकुदलाई छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपमा युवाहरूको लागि छात्रवृत्ति तथा विदेश प्रशिक्षण दिन कार्यक्रम रहेको छ। हाम्रा खेलाडीहरूलाई पहिले भन्दा अहिले बढीभन्दा बढी विदेश पलायन हुनुभन्दा पनि हाम्रा खेलाडीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा ट्रेनिङ् दिने र नेपालमा नै जागिर दिने को व्यवस्था भइरहेको छ। त्यति मात्रै होइन अन्य सुविधाहरू हामी दिइराखेको छ।

अब दीर्घकालिन योजनाहरूः- राष्ट्रिय खेल नीति नेपाल सरकारले राष्ट्रिय खेलकुद नीति, २०६७ कार्यान्वयन भएको छ र राष्ट्रिय खेलकुद नीति हाम्रो मन्त्रीपरिषद्मा पुगिसकेको छ। अनि २०६७ लाई change गरेर परिवर्तन गरेर अहिले मन्त्रीपरिषद्मा पुगिसकेको छ। जसमा खेलाडीहरूको हक, सुविधा र भविष्य खेलकुदको विकासको लागि कार्ययोजना समावेश गरिएको छ। साथै युवा तथा खेलकुद मन्त्रालय प्रस्तावित खेलकुद नीतिको मस्यौदा तयार भइसकेर अगाडि बढिसकेको छ। जसले सम्भवतः स्वदेश मै खेलाडीहरूलाई भविष्य सुनिश्चित हुनेछ भन्ने

विश्वास दिन चाहन्छु। व्यावसायिक खेलकुद विकासः खेल क्षेत्रलाई व्यावसायिक बनाउन उद्देश्यले निजी क्षेत्रलाई सहभागी बढाउने। Sponsorship को अवसरहरू सृजना गर्ने क्लब फुटवल वा लिग संरचना सुधार गर्ने योजनाहरू छ। जस्तै उदाहरणको लागि तपाईंहरूलाई थाहै छ NPL भएको थियो। भलिबलको लिग भाको थियो। कबड्डीको लिग भाको छ। महिलाको पनि भाको छ। पुरुषको पनि अहिले भर्खर अब third चोटि हाम्रो फुटवलको लिग हुँदै छ। प्राइभेटस्तरबाट त्यो अगाडि बढिराखेको छ। र खेलाडीहरूको पुनःस्थापना योजना पनि कार्यक्रम छ। खेल जीवनलाई समाप्त भएपछि खेलाडीहरूलाई सरकारी र अन्य संस्थामा रोजगारी उपलब्ध गराउने नीति लिएको छ।

जस्तै पहिले पहिले तपाईंहरूले जानकारी गराउन चाहन्छु। २०४२।०४३ मा व्यापक रुपमा संस्थानहरूले जागिर दिने चलन थियो। त्यतिखेर चुरोट कारखाना होस् विरगञ्ज कारखाना होस् चाहे विद्युत प्राधिकरण होस् चाहे कृषि विकास बैंक वा संस्थानहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडीहरुलाई व्यापक जागिर दिने चलन थियो। अहिले आएर त्यो कार्यक्रमहरू छैन। हामी बिचमा आएर वाणिज्य बैंकका बैंकरहरूसँग र संघ संस्थाहरुसँग छलफल गरेर अलिकति नीतिमा परिवर्तन गरिदिनुभयो भने हामी रोजगारी दिन सक्छौं भन्ने कुराहरू अगाडि आएको छ। त्यो पनि पहल भइरहेको जानकारी गराउन चाहन्छु। विदेश पलायन रोक्नका लागि आकर्षक सुविधा, खेलाडीहरूलाई उचित पारिश्रमिक, बिमा योजना, निवृत्तभरण पेन्सन योजना र जस्ता सुविधाहरू उपलब्ध गराउने योजनाहरू छन्। अब दोस्रो प्रश्नको उत्तर एकैचोटि सबै प्रश्न आएको हुनाले नेपालका खेलाडीहरूको सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितताको लागि नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालयको विभिन्न दीर्घकालीन तथा अल्पकालीन नीति तथा कार्यक्रमहरू ल्याएका छन्।

अल्पकालीन नीति तथा कार्यक्रमहरूः शिक्षा सम्बन्धी कार्यक्रम। खेल छात्रवृत्ति कार्यक्रम राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई विभिन्न विद्यालय र शैक्षिक संस्थाहरूको छात्रवृत्ति उपलब्ध गराउने। उदाहरणको लागि हामीले प्याब्सन एनप्याब्सन र हिसानको साथीहरूलाई हामीले लगभग तीन महिनादेखि छलफल भएर अब हाम्रो MOU हुँदै छ। त्यसमा हामीले लगभग २००-३०० विद्यार्थीहरूलाई हामीले राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडीका छोराछोरीलाई छात्रवृत्ति दिने काम यहीं शैक्षिक सत्र देखि हामी गर्छौं प्राइभेट स्तरबाट हामी गरिराखेका छौं। विद्यालयलाई खेल अनिवार्य गर्ने योजनाः विद्यालय तहमा खेलकुदलाई अनिवार्य विषयको रुपमा समावेश गर्दै खेलाडीहरूलाई शैक्षिक अवसरबाट बञ्चित हुन नदिने। खेलाडीहरूलाई ललिचो शैक्षिक वातावरण उपलब्ध गराउने। खेल कै कारण उध्ययनमा अवसर

नपरोस भन्ने हेतुले परीक्षा समय तालिका र अन्य शैक्षिक कार्यक्रममा लचकता उपनाउँदै आएको छ। स्वास्थ्य सम्बन्धीः खेलाडी स्वास्थ्य बिमा योजना नेपाल सरकार र खेलकुद परिषद्द्वारा खेलाडीहरूको लागि विमा योजना सञ्चालन गर्दै आएको छ। जसमा उपचार खर्चको व्यवस्था गरिएको छ। खेल जीवन र पोषण कार्यक्रमः खेलाडीहरूको शारीरिक र स्वास्थ्य पोषण र मानसिक स्वास्थ्यलाई ध्यान राख्दै नियमित परीक्षण र स्वास्थ्य परीक्षणको व्यवस्था गरेको छ। खेल चोट पटक र उपचार कोषः खेलाडीहरूले चोट पटक र अन्य स्वास्थ्य समस्याहरूको कारण career गुमाउन नपरोस् भन्ने विशेष कोषको व्यवस्था गरिएको छ। रोजगारी सम्बन्धी कार्यक्रमः खेलाडीहरूलाई सरकारी जागिर र प्राथमिकता विशेष गरी सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल सेनामा र खेलाडीहरू र विशेष कोटाको व्यवस्था गरिएको छ र अन्य अघि संघ संस्थाहरूमा पहल भइराखेको छ। खेल परीक्षण र व्यवस्थाको रोजगारी उत्कृष्ट खेलाडीहरूलाई प्रशिक्षक अथवा coach, refree व्यवस्थापन तथा खेल विशेषज्ञको रुपमा पुनःस्थापना गर्दैछौं। निजी क्षेत्रसँग सहकार्य गरी रोजगारीको सृजना, निजी तथा अन्तर्राष्ट्रिय खेल संस्थासँग सहकार्य गरी खेलाडीहरूलाई रोजगारी दिने प्रयास भइराखेको छ।

दीर्घकालीन नीति र कार्यक्रमहरूः शिक्षा सम्बन्धी दीर्घकालीन योजना नीतिः खेल विश्वविद्यालय स्थापनाको योजना नेपाल सरकारको दीर्घकालीन योजना खेल विश्वविद्यालय स्थापना गर्ने प्रस्ताव गरिएको छ। खेलसँग सम्बन्धित प्राविधिक र व्यावसायिक शिक्षा खेल प्रतियोगिता, खेल व्यवस्थापन, Sport Science जस्ता विषयहरूमा कुन शिक्षामा प्राथमिकता दिने?

स्वास्थ्य सम्बन्धी दीर्घकालीन नीतिः खेलाडी पेन्सन र स्वास्थ्य सुरक्षा कोषः दीर्घकालीन रुपमा खेल जीवनको समाप्त भएपछि खेलाडीहरूलाई निवृत्तभरण पेन्सन उपलब्ध गराउने नीति। खेलाडीहरूलाई आजीवन स्वास्थ्य बिमा उपलब्ध गराउने दीर्घकालीन योजना। विशेष गरी अस्पताल स्थापनाको योजना। खेलाडीहरूका लागि खेलकुद चिकित्सक केन्द्र (Sport Medicine Center) को स्थापना गर्ने लक्ष्य राखिराखेको छ। हामीले विभिन्न मन्त्रालयका स्वास्थ्य मन्त्रालय अथवा हाम्रो जस्तै अघिनै आइसकेको छ। बानेश्वरको सिभिल सित हाम्रो छलफल भइराखेको छ। हाम्रो खेलाडीहरूलाई निःशुल्क गरिदिनुपर्छ भनेर हामी यो राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडीहरुलाई अगाडि छलफल अगाडि हामीले बढाएका छौं। रोजगारी र पुर्नस्थापनाको लागिः खेलाडीहरूको लागि व्यवसाय र पुर्नस्थापना कार्यक्रम खेल जीवन पछि उनीहरूलाई विभिन्न सरकारी तथा निजी संस्थामा रोजगारी दिने दीर्घकालीन योजना र खेल उद्योग प्रबर्धन गर्ने खेल निजी लगानी अग्रसर गर्दै खेलाडीहरूलाई स्पोर्टिङ् ब्रान्डिङ् उत्पादन र व्यवस्थापनमा रोजगारीको अवसर सृजना गर्ने। खेल पर्यटन प्रबर्धनः नेपाललाई खेल पर्यटन गन्तव्य बनाउँदै खेलाडीहरुलाई खेल पर्यटन

व्यवस्थापन प्रशिक्षक तथा व्यवस्थापकको रुपमा संलग्न गराउने। र तीन नम्बर प्रश्नको जवाफ दुई नम्बर र एक नम्बरबाट मोटामोटी मैले दिइसक्याछु।

प्रश्न नम्बर चारको नेपालको खेलकुदको हब बनाउने दीर्घकालीन र अल्पकालीन सम्भावना बलियो छ किनभने नेपालमा खेलकुदको विकासको लागि भौगोलिक, सांस्कृतिक, पर्यटन जस्ता विभिन्न सम्भावना छन्। नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय तथा राष्ट्रिय खेलकुद परिषद् र विभिन्न खेल संग आबद्ध निकायहरूले यस सम्भावनालाई मूर्त रुप दिनको लागि केही नीति र कार्यक्रम अघि सारेको छ। अल्पकालीन नीति र कार्यक्रमहरूः खेलकुदको पूर्वाधारः रङ्गशाला तथा खेल मैदानको सुधार। दशरथ रङ्गशाला अहिलेसम्म मर्मत सम्भार सार्क गेममा भएको थियो। अहिले मर्मत र स्तरोन्नतिको लागि अगाडि बढिराखेको छ। पोखराको क्रिकेट रङ्गशाला, चितवनको रङ्गशाला त्यस्तै गरी धनगढीमा हाम्रो इन्डिया सरकारको सहयोगबाट रङ्गशाला बनिराखेको छ। इटहरीको रङ्गशाला त्यस्तै गरिकन अरू नयाँ नयाँ रङ्गशालाहरू अघि मैले भनिसके बन्ने कोसिस भइराखेको छ। त्यस्तै गरिकन अन्य खेलहरूमा फुटबलको अहिलेसम्म एउटा पनि रङ्गशाला नभएको हुनाले हामी जग्गा खोज्नेको शिलशिलामा अब last last मा पुग्याछौं। फुटबल रङ्गशाला निर्माण गरौं कि भनेर अगाडि बढिराखेका छौं। सबै रङ्गशालाहरू हामी आइसकेपछि अथवा बहुदल आइसकेपछि रङ्गशालाहरू गणतन्त्र आइसेकपछि काठमाडौं भित्रमा ठुलो रङ्गशालाहरू एउटा पनि बनाउन नसकेको हुनाले हाम्रो यसपालिको केही बनाउँ एउटा सुरुवात गर्ने कि भन्ने कोसिस भइराखेको तपाईंहरूलाई जानकारी गराउन चाहन्छु। त्यस्तै अन्य क्रिकेट, ब्याटमिन्टन, टेबल टेनिस, तेक्वान्डो, कराँते आदिका लागि विशेष परीक्षणको व्यवस्था भइराखेको छ। खेल, उपकरण र सुविधाहरुको आधुनिकीकरण। अन्तर्राष्ट्रिय स्तरको खेल सामग्री र प्रविधिहरूको प्रयोग गरी लगानी वृद्धि गरिराखेका छौं। खेल पर्यटन र प्रबर्धनः Adventure Sports प्रबर्धनः हिमालय आरोहण प्याराग्लाइडिङ्, म्याराथुन, माउन्टेन बाइकिङ् अफ रोड मोटर स्पोर्टस् जस्ता खेलको अन्तर्राष्ट्रिय स्तरमा प्रबर्धन भइराखेको छ। यो हाम्रो high altitude को अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजनाहरू South Asia game SAAF खेलकुद नेपाल प्रिमियर लिग, नेपाल फुटवल प्रतियोगिता प्रभावकारी भइराखेको छ। खेलाडी उत्पादन र प्रतिभाको खोजीः विद्यालय खेलकुद कार्यक्रमः हामीले अब विद्यालय खेलकुद कार्यक्रम अगाडि बढाइराख्याछौं। खेल कहाँ भइराछ खेलाडी कहाँ भेट्छ त? विद्यालयमा भेटिन्छ। त्यसै कारणले हामीले विद्यालय खेलकुद कार्यक्रमहरू नेपाल भरी विद्यालय र कलेजहरूमा खेलकुद अनिवार्य गर्ने योजना र प्रतिभाहरूवान खेलाडीको छनौट कार्यक्रम। स्थानीय र प्रदेश र राष्ट्रिय स्तरको खेलाडी पहिचान गरी उनीहरूको विशेष प्रशिक्षणको व्यवस्था

दिने। अन्तर्राष्ट्रिय सहकार्य र समझदारी, फुटवल, क्रिकेट, ब्याडमिन्टन, भलिबल लगायत खेलका लागि विदेशी प्रशिक्षक ल्याउने। फिफा ओलम्पिक कमिटि, एसियन कमिटि, काउन्सिल (ए.सी.सी.) जस्ता अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य र सम्बन्ध राम्रै छ। निजी क्षेत्र अन्तर्राष्ट्रिय क्षेत्रहरूमा नेपालको सहभागी गर्न प्रेरित गर्ने। दीर्घकालीन नीति र कार्यक्रमहरूः खेलकुद पर्यटनको हब बनाउने नीति। नेपाल अन्तर्राष्ट्रिय खेल प्रतियोगिताको लागि आवश्यक गन्तव्य बनाउने। हिमालय क्षेत्र विशेष Winter Sport हिउँमा खेल्ने खेलहरू प्रबर्धन गर्ने। एभरेष्ट म्याराथुन, अन्नपूर्ण ट्रेल रनिङ्, माउन्टेन बाइकिङ् कम्पीटिसन जस्ता खेलहरू अन्तर्राष्ट्रिय ब्रान्ड बनाउने कोसिस भइराखेको छ। खेल, विश्वविद्यालय र अनुसन्धान केन्द्रको स्थापनाः नेपालमा खेल, विज्ञान र विश्वविद्यालय स्पोर्ट युनिभर्सिटी स्थापना गरी खेलकुद विषयलाई व्यावसायिक शिक्षा र अनुसन्धानमा जोड दिने। स्पोर्ट साइन्स खेल पोसाक र मानसिक स्वास्थ्य स्कील व्यवस्थापन जस्ता विशेषता विकास गर्ने। खेललाई पेशागत बनाउने नीतिः फुटवल, क्रिकेट, भलिवल, ब्याडमिन्टन जस्ता खेलाडीहरुलाई व्यावसायिक लिगको रुपमा विकास गर्ने। खेलाडीहरूको लागि आयस्रोत बढाउने। विज्ञापनमा निजी क्षेत्रलाई आकर्षक गर्ने। खेल, क्लब र पञ्...बुझिएन.. लिगको संस्कृत स्थापना गर्ने। खेल पूर्वाधार र अन्तर्राष्ट्रिय स्तरको Sports Village निर्माणः नेपालमा अन्तर्राष्ट्रिय स्तरको खेलाडीहरुको लागि ट्रेनिङ् हब बनाउने। उच्च पहाडी क्षेत्र High Atitude Training Center मा विशेष प्रशिक्षण केन्द्र निर्माणमा फुटवल, क्रिकेट, मार्सल आर्ट र ट्र्याक एण्ड फिल्डको लागि अन्तर्राष्ट्रिय स्तरको Sports Village को निर्माण गर्ने योजना। खेल प्रशासन र कानुनी सुधारः राष्ट्रिय खेल नीतिको पुनरावलोकन गरी दीर्घकालीन योजना निर्माण। खेल क्षेत्रको पारदशी र आर्थिक व्यवस्थापन सुधार गर्दै खेलाडी कल्याण कोषको स्थापना। खेल संघहरूको संस्थागत सुधार गर्दै प्रतिस्पर्धी खेलकुद वातावरणको सृजना। प्रश्न पाँचको उत्तर। नेपाल सरकारको खेलकुद शिक्षालाई वैज्ञानिक र व्यवसायी रुपमा अघि बढाउने लक्ष्यका साथ खेल विश्वविद्यालय स्थापनाको योजना मुताविक अध्ययन टोली गठन गरी अघि बढाएको छ। अल्पकालीन कार्यक्रमहरूः खेल शिक्षालाई प्रोत्साहान गर्न त्रिभुवन विश्वविद्यालय र अन्य शिक्षण संस्थाको खेल विज्ञानको पाठ्यक्रमहरू थप गर्ने। विदेशी विश्वविद्यालयसँग सहकार्य र खेल व्यवस्थापन, खेल विज्ञान, खेल पोषण अध्ययनको लागि अन्तर्राष्ट्रिय छात्रवृत्ति कार्यक्रम। दीर्घकालीन नीति र कार्यक्रमहरूः खेल विश्वविद्यालय स्थापनाको प्रारम्भिक कार्यक्षेत्रमा मुताविक टोलीले अध्ययन गरिराखेको। खेल विज्ञान अनुसन्धान केन्द्र खेल पोषण, खेल मनोवैज्ञानिक र खेल व्यवस्थापनमा विशेषता विकास, खेल प्रशासन सुधार। खेल कानुन तथा नीति अनुसन्धान, खेल संघहरूको आधुनिकीकरण, पारदर्शीता सुधार गर्दै जाने। धन्यवाद।

(१५:५६बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भइ पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:५६ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू मार्फत म माननीय मन्त्रीज्यूलाई प्रश्नको डिटेलमा जुन उत्तर दिनुभएको छ। त्यसको लागि हार्दिक धन्यवाद दिन चाहन्छु र यहाँको प्रयत्नको लागि पनि प्रशंसा गर्न चाहन्छु। मेरो पूरक प्रश्न रहेको छ। हामीले गणतन्त्र पछि तुलनात्मक रुपले राम्रो संविधान लेखेकाछौं भन्याछौं। समानताको अधिकारलाई पनि त्यहाँ सुरक्षित गरेका छौं। लैङ्गिक समानता कायम गर्ने पनि भन्याछौं। लैङ्गिक विभेद अन्त्य गर्ने भनेका छौं तर यहाँको रिपोर्टमा यहाँको उत्तरमा पुरुष खेलाडीहरुलाई दिने मासिक पारिश्रमिक र महिला खेलाडीहरूलाई दिने मासिक पारिश्रमिकमा ठुलो अन्तर देखिन्छ। अब पुरूषलाई Grade A को मा १ लाख छ भने अब Grade A को महिलालाई ५० हजार छ। यो यस्तो किन? गणतान्त्रिक नेपालको गणतान्त्रिक मन्त्री भएको बेलामा यो संविधान विपरीत कार्य भएन र मन्त्रीज्यू?

(१५:५७ बजे) **माननीय युवा तथा खेलकुद मन्त्री श्री तेजु लाल चौधरी**:- धन्यवाद माननीयज्यूलाई। सम्माननीय अध्यक्षज्यू, पूरक प्रश्नको लागि माननीयज्यूलाई धन्यवाद दिन चाहन्छु। नेपाल सरकारले जुन यो खेलाडीहरूलाई Monthly जुन Salary दिइराखेको छ। त्यो नेपाल सरकारले दिइराखेको छैन। संघहरूले आफ्नो आम्दानीबाट क्रिकेट संघले आफ्नो आम्दानी गरेर जस्तै उदाहरणको लागि अस्ति NPL भएको थियो। त्यसबाट उनीहरू करोडौं रुपैयाँ आम्दानी गरेको छ। त्यसबाट आफ्नो खेलाडीहरूको लागि खेलाडीहरू विदेश पलायन हुन गएको हुनाले त्यसको लागि उनीहरू आफ्नै तरिकाबाट हामीबाट स्वीकृति मात्र लिने काम गरेको हुनाले त्यो संघहरूबाटै त्यो Salary हरू निर्धारण गर्ने संघहरू स्वतन्त्र रुपमा सञ्चालन भएको हुनाले नेपाल सरकारले त्यो निर्धारण गर्ने Salary होइन। र संघहरूले खेलकुद परिषद्बाट सहमति लिएपछि मात्रै कति Salary दिने उनीहरू आफैको बोर्डबाट निर्णय गर्ने चलन भएको हुनाले त्यसरी हुन गएको हो। होइन। नेपाल सरकारले कुनै पनि खेलाडीहरूलाई Salary दिने अहिलेसम्म रेकर्ड छैन। हामी Salary दिनुभन्दा पनि उहाँहरुलाई रोजगारी सृजना गर्ने, जागिर दिने भन्ने कुराहरू पुरस्कार दिने र उनीहरूलाई जागिर दिने कार्यक्रमहरू मात्रै भइराखेको छ।

अहिले कुनै जस्तै भलिबल संघले पनि पुरुष खेलाडी र महिला खेलाडीलाई फरक छ। त्यसै गरीकन फुटवलमा पनि पुरुष र महिलामा फरक छ। त्यो पक्कै पनि अन्तर्राष्ट्रिय दिवस भोलि हामी मनाउँदै छौं। अन्तर्राष्ट्रिय महिला दिवस। त्यसमा पनि यसरी विभेद आउँदा राम्रो कुरो होइन। तपाईँलाई म स्वीकार्छु। त्यो कुरा म अध्यक्षलाई र महासचिवलाई बोलाएर किन यो भइराछ? म जवाफ माग्न चाहन्छु। धन्यवाद।

(१६:०० बजे) **सम्माननीय अध्यक्ष**:- अब म, माननीय मन्त्रीज्यूलाई आशन ग्रहण गर्न अनुरोध गर्दछु।

(१६:०० बजे) **माननीय युवा तथा खेलकुद मन्त्री श्री तेजु लाल चौधरी**:- अब मैले सम्माननीय अध्यक्षज्यूसित एक मिनेट मात्रै समय लिए। त्यसपछि मेरो अब आगामी योजना के छ? भन्ने कुराहरू सानो दुई तीनवटा अहिलेकोमा एक मिनेट मात्रै समय लिए हजुरलाई के छ?

(१६:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय रक्षा मन्त्री मानवीर राईलाई "राष्ट्रिय सुरक्षा परिषद्को आ.व. २०७९/८० को छैठौं वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ को सातौं वार्षिक प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१६:०१ बजे) **माननीय रक्षा मन्त्री श्री मानवीर राई**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय सुरक्षा परिषद्को आर्थिक वर्ष २०७९/८० को छैठौं वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/८१ को सातौं वार्षिक प्रतिवेदन" सम्मानित सभा समक्ष पेस गर्दछु। धन्यवाद।

(१६:०१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म, माननीय अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:०२ बजे) **मानननीय अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेल**ः- सम्मानननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:०३ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, यहाँ प्रिन्टमा अलिकति म अलमलिए पनि थोरै बोल्न यहाँ उपप्रधानमन्त्री विष्णु प्रसाद पौडेल हुनुपर्नेमा मन्त्री अर्थमन्त्री मात्रै भएको रहेछ यहाँ प्रिन्टमा। म अलमलिएपछि अब यसलाई सच्याएर माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई भन्ने नै सच्याएर बुझिदन म अनुरोध गर्दछु।

माननीय सदस्यहरू, अब म, "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल फागुन २५ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल फागुन २५ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः ४.०४बजे।**